CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःसूत्री

श्रोत्रिय ब्रह्मनिष्ठ

० क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१८

ॐ

चतुःसूत्री

[अद्वैत विश्वविद्यालयहरूको पाठ्यग्रन्थ]

Ekatta २५५
त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
KATHMANDU

श्रोत्रिय ब्रह्मनिष्ठ

डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक– अद्वैत संस्था

कुलपति – अखिल अद्वैत विश्वविद्यालय

ब्रह्मप्रापक अद्वैत विश्वविद्यालय

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

☀ प्रकाशक—ब्रह्मप्रापक अद्वैत विश्वविद्यालय
काठमाडौं, नेपाल ।

☀ पहिलो संस्करण— १००० प्रति ।

☀ प्रकाशन मिति— सं० २०२८ विजया दशमी ।

☀ सर्वाधिकार— अद्वैत संस्था, केन्द्रीय कार्यालय,
काठमाडौं ।

☀ मूल्य— रू० ५।-

☀ मुद्रक- आनन्द प्रेस, ढिल्लीबजार । फोन नं० ११-६२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

वेदान्त परंपरामा सबभन्दा प्रसिद्ध ग्रन्थ हो-भगवान् वेदव्यासद्वारा प्रणीत ब्रह्मसूत्र । प्रस्थानत्रयी मध्येको यो न्यायप्रस्थानरूप सूत्र ग्रन्थले ब्रह्मविद्या किम्वा आत्मविद्याको अत्यन्त मार्मिक रहस्यलाई सूत्रात्मकरूपले नै प्रतिपादन गरेको छ । वेदलाई स्वतःप्रामाण्य सिद्ध गर्दै शास्त्रानुकूल तर्कद्वारा आत्मस्थितिमा अविचलित बनाउने कार्यमा ब्रह्मसूत्रको असाधारण भूमिका छ ।

चार अध्याय र सोह्र पादमा विभाजित ५५५ सूत्रले बनेको वेदको ज्ञानकाण्डमा आधारित 'ब्रह्मसूत्र' (उत्तर मीमांसा) ग्रन्थका सारसर्वस्व हुन् पहिला चार सूत्र –

१. अथातो ब्रह्मजिज्ञासा ।
२. जन्माद्यस्य यतः ।
३. शास्त्रयोनित्वात् ।
४. तत्तु समन्वयात् ।

वादरायणको सूत्रात्मक वेदान्त दर्शनलाई सरलीकरण गर्दै भगवान् जगद्गुरु आद्यशङ्कराचार्यले भाष्य (शारीरक मीमांसा) रचना गरेर धेरै मुमुक्षुहरूको महान कल्याण गर्नुभयो। शाङ्करभाष्यलाई आधार मानेर पहिला चार सूत्रको मात्र विस्तृत टीका लेख्नुभयो पद्मपादले । यो टीका 'पद्मपादिका' को नामले प्रसिद्ध छ । पद्मपादिकाको विस्तृत टीका गर्नुभयो प्रकाशात्मयतिले । यसको नाम 'विवरण' भनी ख्याति प्राप्त छ । यसलाई 'विवरण प्रस्थान' भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मसूत्रमा वाचस्पति मिश्रले 'भामती', अमलानन्द सरस्वतीले 'वेदान्तकल्पतरु', अप्पय्यदीक्षितले 'कल्पतरु परिमल' नामक अद्वितीय टीकाहरू लेख्नुभएको छ। यसलाई 'भामती प्रस्थान' भनिन्छ। यसरी यी आदि वेदान्तका निष्णात् विद्वान्हरूले ब्रह्मसूत्रको भाष्यको विशदरूपमा टीका, विवरण आदि लेखी वेदान्त दर्शनको परंपरामा असाधारण योगदान दिनुभएको छ।

उत्तम अधिकारीको लागि त 'तत्त्वमसि' जस्ता सूत्रात्मक महावाक्य नै काफी थिए तर जति पछि हुँदै गयो उति नै वेदान्त मार्गका पथिकहरूकै लागि पनि भाष्य, टीका, व्याख्या आदिको आवश्यकता भयो, बन्यो पनि। त्यसैको अनुक्रममा प्रस्तुत 'चतुःसूत्री' ग्रन्थको पनि अत्यन्त महान् भूमिका छ।

नेपाली वाङ्मयमा 'अद्वैत वेदान्त' का अत्यन्त निगूढतम रहस्यमय सिद्धान्तहरूले भरिभराउ भएका प्रमाणपरक सरल ग्रन्थहरू चालिसौं प्रकाशित भइसके, कति हुँदैछन्। 'अद्वैत संस्था' द्वारा प्रकाशित यी ग्रन्थहरू पाएर राष्ट्रभाषा नेपाली गौरवान्वित बनेको छ।

आजको वैज्ञानिक युग पनि शाश्वत शान्तिको लागि वेदान्तद्वारा प्रदर्शित मार्गको अनुसरण गर्दैछ। हुन पनि हो संसारका जतिसुकै विद्या र वैभवले सम्पन्न भए तापनि आत्यन्तिक कल्याणको लागि किंवा आधिभौतिक, आधिदैविक र आध्यात्मिक सम्पूर्ण प्रकारका दुःख र तापहरूबाट सदाको लागि विमुक्त हुन एक मात्र आधार हो वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या । अतः प्रस्तुत 'चतुःसूत्री' ग्रन्थले पनि भूलले, भ्रमले मानिएको, ठानिएको नाशवान् द्वैत प्रपंचलाई मिथ्या हो भनी निर्णयपूर्वक स्वप्रकाश अखण्ड, एकरस वास्तव आत्मस्वरूपको अपरोक्ष साक्षात्कार गर्नु नै मानव मात्रको परम पुरुषार्थ हो भनी ठोकुवा गरेर सम्पूर्ण नेपाली समाजलाई कहिल्यै नबिर्सने गुन लगाएको छ ।

सिद्धान्त र अनुभवले परिपूर्ण यो शास्त्रीय र प्रामाणिक वेदान्त ग्रन्थले सूक्ष्म बुद्धि भएका नेपाली मुमुक्षु सज्जनहरूको मानसिक तापलाई शान्त पारी आत्मसाक्षात्कार गर्न ठूलो मद्दत दिने छ – यसमा शङ्का छैन ।

यद्यपि आफू सदासर्वदा मुक्त नै हो तथापि अध्यास, अविद्या, अज्ञान आदिले गर्दा असुक्त, जन्ममृत्युयुक्त, सुखी दुःखी भन्ने भान हुन्छ । त्यही कल्पित भ्रमज्ञान वा अज्ञान हटाउनुमा मात्र सारा वेदादिशास्त्र र सज्जनहरू सक्षम र उपकारी मानिएका छन् । पारमार्थिक सत्तामा–सुषुप्ति वा समाधिकालमा त परिपूर्ण (बनिबनाउ) स्वप्रकाश आफू मात्र छ । त्यसैले आफूमा केही थप्नु वा घटाउनु परेको छैन । यति हुँदा हुँदै पनि आगन्तुक अज्ञानरूप आवरणलाई वा अनात्म द्वैतप्रपंचलाई हटाउनुको निमित्त शास्त्र सज्जनको ज्ञानामृतरूप उपदेश स्वीकार्य छ । त्यसैले प्रस्तुत ग्रन्थको उपादेयता स्वतः सिद्ध छ ।

विशेषरूपले 'ब्रह्मप्रापक अद्वैत विश्वविद्यालय' र सामान्यरूपले 'अद्वैत संस्था' द्वारा सञ्चालित चारओटै अद्वैत विश्वविद्यालयहरूको लागि तयार पारिएको यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थलाई यही विश्वविद्यालयबाट प्रकाशित गर्ने सौभाग्य पाएकोमा सम्पूर्ण अद्वैत परिवारलाई नै हर्षको अनुभव भएको छ।

प्रस्तुत पुस्तक प्रकाशित गर्नको लागि सहयोग गर्नुहुने सबै र खास गरी एकमुष्ठ रू० ५००।-दिनुहुने श्रीमती हरिप्रिया र दिलाउनुहुने प्रा. श्रीवदरीनाथ भट्टराईज्यूमा आन्तरिक धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्त्तव्य ठान्दछु ।

अन्त्यमा यति महान्, यति प्रसिद्ध, यति कठिन र यति सूक्ष्म विषयलाई राष्ट्रभाषा नेपालीमा अत्यन्त सरल ढंगले लेखेर हाम्रो सम्पूर्ण समाज र राष्ट्रलाई नै अतुलनीय गुन लगाउनुहुने अति नै श्रद्धेय जीवन्मुक्त गुरु 'अद्वैत संस्थाका संस्थापक एवं अखिल 'अद्वैत विश्वविद्यालय' का कुलपति प्राच्य-पाश्चात्य सर्वविद्या कुशल श्रोत्रिय ब्रह्मनिष्ठ डा० श्रीक्षितीशचन्द्र चक्रवर्तीज्यूमा सादर कृतज्ञता निवेदन गर्दै यो सानो भूमिका एवं प्रकाशकीय अभिव्यक्तिलाई यहीं समाप्त गर्दछु।

प्रा० शिवगोपाल रिसाल 'सरस्वती'
उपकुलपति
ब्रह्मप्रापक अद्वैत विश्वविद्यालय
उमागृह, काठमाडौं।

२०२८।६।१३।४
बिजया दशमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुःसूत्री—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक उद्गार !

सम्पूर्ण वेदान्तशास्त्रको पर्यवसान हो ब्रह्मज्ञानमा। महर्षि कृष्णद्वैपायनद्वारा प्रणीत ब्रह्मसूत्रको प्रथम अध्यायका चार सूत्रमा वेदान्तशास्त्रको सार संग्रह गरिएको छ। तर केवल पच्चीस अक्षरमा बताइएको यो सिद्धान्तलाई हामीले कसरी बुझ्ने ? हुनत जगद्गुरु शंकराचार्य र तदनुयायी अनेक विद्वान्हरूबाट यी सूत्रहरूका सम्बन्धमा विस्तृत भाष्य र टीकाहरू लेखिएका छन् तापनि हामी नेपाली भाषा भाषीहरू चार सूत्रको मर्मबाट अपरिचित नै थियौं। 'चतुःसूत्री' नामले विख्यात यी चार सूत्रको मार्मिकता बारे हामीले विद्वान् महात्माहरूबाट नसुनेको हैन तर ज्ञानवान् पुरुषबिना कसले यो मर्मलाई प्रकट गरिदिने ?

सौभाग्यको कुरा हो ब्रह्मनिष्ठ गुरुबाट यो चतुःसूत्रीको विस्तृत व्याख्या गरिदिबक्सेको छ। सबै मुमुक्षुहरूलाई चतुःसूत्रीको आशय बुझ्न पाएर विशेष हर्ष प्राप्त हुने छ। नेपाली वाङ्मयको श्रीवृद्धि हुनुका साथै सरल नेपालीमा चतुःसूत्रीको गम्भीर आशय मुमुक्षु समक्ष व्यक्त हुने छ। यो ग्रन्थलाई प्रकाश गरी अद्वैत संस्थालाई समर्पण गर्ने जस्तो पवित्र काममा अग्रसर हुने काठमाडौंका आदरणीय अद्वैत परिवार र विशेष गरेर सहृदय मित्रवर ब्रह्मप्रापक अद्वैत विश्वविद्यालयका श्रध्येय उपकुलपति प्रा. श्रीशिवगोपाल रिसाल 'सरस्वती' ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै श्रीपूज्य गुरुमा सादर वन्दनापूर्वक विश्राम लिन्छु।

गुरु चरणरजः
ज्ञानेश्वर 'सरस्वती'
उपकुलपति
तारक अद्वैत विश्वविद्यालय
रिडी, थोर्गा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

पृष्ठ

भूमिका [क]

उद्‌गार

प्रथम सूत्र–जिज्ञासा अधिकरण

प्रथम सूत्रको भाष्य–चार वर्णकमा विभक्त —१

अध्यास भाष्य-प्रथम सूत्रको भाष्यको प्रथम वर्णक—२

अध्यास भाष्यको सरल अर्थ

१. अध्यासको असंभावना प्रदर्शन —३

भाष्यारम्भमा मङ्गलाचरण —४

टिप्पणी —५

२. अध्यासको संभावना प्रदर्शन —६

टिप्पणी —६

अध्यासको विभाग —७

अध्यासको विशेष विशेष ठाम —९

अध्याससिद्धि प्रतिपादनको फल —१०

३. अध्यासको लक्षण–अनिर्वचनीय ख्यातिवाद —१०

टिप्पणी —११

४. अन्यथाख्यातिवादमा र आत्मख्यातिवादमा अध्यासको लक्षण —१४

५. अख्यातिवादमा अध्यासको लक्षण —१५

६. असत्‌ख्यातिवादमा अध्यासको लक्षण —१५

७. सर्वमत साधारण अध्यासको लक्षण —१५

टिप्पणी

८. अविषय प्रत्यक् आत्मामा अध्यास सिद्धि- —१६

बारे संशय —१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. अध्यास हो आविद्यक, अध्यासद्वारा अधिष्ठान विकृत हुँदैन —१७
१०. अध्यास स्वीकारमा शंका र निराकरण —१८
११. चिदात्मस्वरूपको ज्ञान हुनुको पहिले शास्त्रीय कर्ममा अधिकार —१६
१२. अध्यासको उपसंहार —१६
टिप्पणी-प्रथम वर्णकको तात्पर्य —२०
द्वितीय वर्णक
द्वितीय वर्णकको तात्पर्य —२३
तृतीय वर्णक
१ प्रथम सूत्रको अर्थ —२४
टिप्पणी —२५
तृतीय वर्णको तात्पर्य —२६
२. अनन्तर शब्दको अर्थ क्रमरूप होइन —२७
३. क्रम विवक्षित नहुनुको कारण —२८
४. अनन्तर शब्दको अर्थ क्रम होइन यसको अरू कारण —२८
५ अनन्तर शब्दको यथार्थ अर्थ —२८
६. हेतुताको प्रदर्शन —२९
७. ब्रह्मजिज्ञासा पदको अर्थ —२९
८. जिज्ञासा शब्दको व्याख्या —२९
चतुर्थ वर्णक
१. ब्रह्मको सामान्य र विशेष ज्ञान —३०
२. यो वेदान्त दर्शनको आरंभको कारण —३१

द्वितीय सूत्र-जन्म आदि अधिकरण

अधिकरणको प्रतिपाद्य विषय —३४
अधिकरणको संगति —३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशय, पूर्वपक्ष र सिद्धान्त —३४
द्वितीय सूत्रको भाष्य —३६
सूत्रको अर्थ —३६
१. सूत्रस्थ जन्मादि शब्दको अर्थ —३६
२. सूत्रवाक्यको अर्थ — ३६
३. ब्रह्मभिन्न अरू केही जगत्को कारण हैन —३७
४. ब्रह्म हो केवल श्रुतिगम्य —३७
५. धर्म त ब्रह्म विषयक प्रमाणको भेद —३८
६. अतीन्द्रिय विषयमा केवल श्रुति हो प्रमाण —४०
७. ब्रह्मको लक्षण ज्ञापक वेदान्त वाक्य कथन — ४१

तृतीय सूत्र शास्त्रयोनित्य अधिकरण

(प्रथम वर्णक)
१. अधिकरणको प्रतिपाद्य विषय —४१
२. अधिकरण संगति —४२
३. संशय, पूर्वपक्ष र सिद्धान्त —४२
४. तृतीय सूत्रको भाष्य (प्रथम वर्णक) —४३
तृतीय सूत्र रचनाको उद्देश्य
तृतीय सूत्रको अर्थ (प्रथम वर्णक)
ऋग्वेदादि शास्त्रको कारण भएको हुनाले ब्रह्म हो सर्वज्ञ
शास्त्रयोनित्य अधिकरण (द्वितीय वर्णक)
१. अधिकरणको प्रतिपाद्य विषय —४३
२. अधिकरण संगति —४३
३. संशय, पूर्वपक्ष र सिद्धान्त —४४
४. तृतीय सूत्रको अर्थ (द्वितीय वर्णक) —४५
५. तृतीय सूत्रको भाष्य (द्वितीय खण्ड) — ४५

चतुर्थ सूत्र समन्वय अधिकरण (प्रथम वर्णक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. अधिकरण प्रतिपाद्य विषय —४५
२. अधिकरण संगति —४६
३. संशय, पूर्वपक्ष र सिद्धान्त —४७
टिप्पणी
४. चतुर्थ सूत्रको भाष्य (प्रथम वर्णक) —४८
५. चतुर्थ सूत्रको अर्थ (प्रथम वर्णक) —५०
६. पूर्वपक्ष र सिद्धान्त —५०
७. ब्रह्मात्म ज्ञानको पछि उपासना संभव छैन —५२
८. वेदको प्रामाण्य हो स्वतः —५२
१. अधिकरण प्रतिपाद्य विषय —५२
२. अधिकरण संगति —५२
३. संशय, पूर्वपक्ष र सिद्धान्त —५३
४. चतुर्थ सूत्रको अर्थ (द्वितीय वर्णक) —५४
५. पूर्वपक्ष र सिद्धान्त —५४
१. मोक्ष हो जीवको स्वरूप, त्यो हो नित्य; त्यसकारण धर्मको फल होइन —५६
२. मोक्षको स्वरूप वर्णन —५६
३. मोक्ष हो तत्त्वज्ञानको फल —५७
४. जीव र ब्रह्मको एकत्व ज्ञान हो वस्तुतन्त्र —५८
५. मोक्ष हो नित्य शुद्ध ब्रह्मस्वरूप, क्रियाको फल होइन —५९
६. निरवयव आत्मा क्रियाको आश्रय हुन सक्दैन —६०
७. क्रियाको अनाश्रयभूत ब्रह्मदेखि अभिन्न मोक्ष उपासनाजन्य संस्कारसाध्य होइन —६०
८. ज्ञान वस्तुतन्त्र भएकी हुनाले ब्रह्म अभिन्न मोक्ष क्रिया साध्य होइन, अनित्य पनि होइन —६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. वस्तुतन्त्र प्रत्यक् ब्रह्मज्ञानमा विधिको अवसर छैन–स्वाभाविक विषयबाट निवृत्त गर्नु नै हो श्रुतिको प्रयोजन —६२
१०. उपास्य ब्रह्म वेदान्त प्रतिपाद्य होइन —६२
११. प्रत्यक् ब्रह्मको स्वरूप हो केवल उपनिषद्‌गम्य —६३
१२. आत्मा लोक सिद्ध होइन, कर्मको अंग पनि होइन, आत्मा हो केवल उपनिषद्‌द्वारा वेद्य —६३
१३. सिद्ध वस्तु प्रतिपादक वेदान्तको प्रामाण्य स्थापना —६४
१४. निषेध वाक्यको प्रामाण्यको झैं ब्रह्मरूप सिद्ध-वस्तुको ज्ञापन वेदान्तको प्रामाण्य हो अव्याहत (कसैबाट नरोकिने) —६४
१५. ब्रह्मरूप सिद्धवस्तुको उपदेशको सार्थकता प्रदर्शन । जीवन्मुक्त पुरुष हो सुख दुःखको अतीत —६५
१६. सशरीरत्व हो अविद्या कल्पित, तत्त्वज्ञानद्वारा अविद्या नाश भए जीवन्मुक्तिको सिद्धि हुन्छ —६६
१७. देहात्मज्ञान मिथ्या भएको हुनाले जीवन्मुक्तिको सिद्धि —६६
१८. अशरीरत्व केवल युक्तिद्वारा सिद्ध हैन–श्रुति द्वारा पनि सिद्ध हो —६७
१९. ब्रह्म विधि बोधित उपासनारूप क्रियाको अंग हैन । —६८
२०. ब्रह्मात्मज्ञानको पहिले मात्र व्यवहार संभव भएको हुनाले ब्रह्म कर्मको अंग होइन —६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दा० ६२८४
वा०वि०पी०,
पुस्तकालय:
मू० २।५०

अध्यास र चतुःसूत्री

(विवरण प्रस्थान अनुसार)

प्रथम सूत्रको भाष्य—

भगवान् वादरायण (व्यास भगवान्) ले श्रुतिको ज्ञानकाण्डरूप वेदान्तको (उपनिषद्‌हरूको) अन्तर निहित विषयलाई परिस्फुट गर्नको लागि ५५५ सूत्ररूप वेदान्त दर्शन किम्वा उत्तर मीमांसा दर्शन रचना गर्नुभयो । शंकराचार्यले यसको भाष्य रचना गर्नुभयो । यसलाई शारीरक मीमांसा भनेको छ ।

कुत्सित (नराम्रो) शरीरमा जीव बसेको हुनाले जीवलाई शारीरक भनेको छ । त्यो जीवको ब्रह्मत्व प्रतिपादन गर्नको लागि यो भाष्य ग्रन्थमा मीमांसा (विचार) गरिएको छ । त्यसकारण यो भाष्य ग्रन्थलाई शारीरक मीमांसा शास्त्र भनेको छ ।

पद्मपादको पञ्चपादिका हो चतुःसूत्रीसम्म हिस्साको भाष्यको टीका । प्रकाशात्मयतिले यो पञ्चपादिकाको विवरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामको टीका बनाउनु भएको थियो । पञ्चपादिका र त्यसको विवरणमा वेदान्त दर्शनको (ब्रह्म सूत्रको) प्रथम सूत्रको भाष्यलाई चार वर्णकमा (चार भागमा) विभक्त गरेर व्याख्या गरिएको छ । जहाँ एकाधिक अर्थ प्रतिपादनमा सूत्रको तात्पर्य हो त्यहाँ एक एक तात्पर्यार्थको वर्णनलाई एउटा वर्णक मानिएको छ । प्रथम सूत्रको चार प्रकार अर्थको प्रतिपादन गरेको हुनाले विवरणकार र तदनुयायीहरू (रत्न प्रभाकर आदि) ले त्यसको भाष्यलाई चार भागमा विभक्त गरेर चारवटा वर्णकको रूपले उल्लेख गरेका छन् । भामती मताबलम्बीहरू यसप्रकार वर्णक भेद स्वीकार गर्दैनन् ।

अध्यास भाष्य रचना—त्यसको प्रयोजन

अध्यास भाष्य हो वेदान्त दर्शनको प्रथम सूत्रको प्रथम वर्णक । यो अध्यास भाष्य हो वेदान्त सिद्धान्तको बीजस्वरूप र सूत्र भाष्यको भूमिकास्वरूप । सारा दुःखको आत्यन्तिक निवृत्ति र परमानन्द प्राप्ति नै हो मोक्षरूप परम पुरुषार्थ । यो मोक्ष ब्रह्मज्ञानबाट प्राप्त हुन्छ—यो नै हो श्रुतिको सिद्धान्त र यो शारीरक भाष्यको पनि प्रतिपाद्य विषय तर जगत् यदि परमार्थतः सत्य हो भने तद्अन्तःपाती दुःख पनि परमार्थ साँचो हुन जान्छ । जो परमार्थ सत्य हो त्यो ज्ञानबाट नाश हुँदैन । त्यसकारण परमार्थ सत्य जगत्को परमार्थ सत्य दुःख ब्रह्मज्ञानद्वारा नाश हुन सक्दैन । त्यसकारण सारा दुःखको आत्यन्तिक निवृत्तिरूप मोक्ष पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असंभव भैहाल्छ । त्यसैले जगत् प्रपञ्च र त्यसबाट उत्पन्न दुःख परमार्थ सत्य हैन किन्तु अनादि अविद्याको प्रभावले आफ्नो वास्तव ब्रह्मस्वरूपमा अध्यस्त (कल्पित) भएको छ (त्यसकारण द्वैत जगत् र दुःख हो मिथ्या माया मात्र) र त्यसैले ब्रह्मज्ञानद्वारा विनष्ट हुनको योग्य हो—यो प्रतिपादन गर्नको लागि भगवान् भाष्यकारले पहिले नै अध्यास भाष्य रचना गर्नुभयो ।

अध्यास भाष्यको सरल अर्थ

(प्रथम सूत्रको प्रथम वर्णक)

१. अध्यासको असंभावना प्रदर्शन

चैतन्यरूप आत्मा (म शब्दको अर्थ किम्वा विषयी— अर्थात् "म" यसप्रकारले भासमान जो साक्षी चैतन्य) र अनात्म वस्तु (तिमी शब्दको अर्थ किम्वा विषय – "यो" यसरी भासमान विषय पदार्थ) हो परस्पर विरुद्ध स्वभाववाला । त्यसकारण यिनीहरूको जो स्वरूप हो र यिनीहरूको जो धर्म हो तिनको परस्पर विनिमय हुन सक्दैन । चिदात्माको स्वरूप र धर्म अनात्म वस्तुको स्वरूप र धर्म हुन सक्दैन । त्यस्तै अनात्म वस्तुको स्वरूप र धर्म चिदात्माको स्वरूप किम्वा धर्म हुन सक्दैन (अर्थात् अध्यास मिथ्या हुनु नै उचित हो) ।

आत्मा र अनात्माको भित्र अत्यन्त विरोध रहेको छ, यो देखाउनको लागि भाष्यमा "तिमी" र "म" शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग गरिएको छ । "यो" शब्द – "म" शब्दको जुन अर्थ हो त्यसको विरोधीरूपले सारा ठाउँमा व्यवहृत हुँदैन, जस्तो "यी हामीहरू बसिराखेका छौं यो म छु" । यसकारण "यो" शब्दको प्रयोग नगरीकन "तिमी" शब्दको प्रयोग गरिएको छ ।

यो विरोध हो तीन प्रकारको—

(१) तिमी र म यी दुई शब्दबाट अनात्मा र आत्माको स्वरूपगत विरोध झल्काएको छ ।

(२) प्रतीतिगत विरोध – अर्थात् अनात्म वस्तु दृश्य-रूपले नै प्रतीत हुन्छ र आत्म वस्तु स्वयंप्रकाशरूपले प्रतीत हुन्छ ।

(३) व्यवहारगत विरोध–अर्थात् "म हुँ कर्ता" र "म हुँ ब्रह्म" दुबै ठाउँमा नै चित् अचित् ग्रन्थी बोधक "म" शब्दको व्यवहार भए तापनि एक ठाममा चैतन्य हिस्साको (शुद्ध आत्माको) प्रधानता हुन्छ, अरू ठाममा जड हिस्साको (अनात्म अहंकारको) प्रधानता हुन्छ । यसप्रकार विरोध देखाउनुको उद्देश्य के हो भने आत्मा र अनात्मा-यिनीहरूको परस्परको अध्यासको असंभावना प्रदर्शन ।

भाष्यारम्भमा मंगलाचरण

सारा अनर्थरहित शुद्ध चैतन्यस्वरूप प्रत्यक् आत्मा भाष्यको आरम्भमा स्मृत भएको हुनाले मङ्गलाचरण सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भो । प्रथम सूत्रको प्रतिपाद्य विषयसित अध्यास भाष्यको सम्बन्ध यो हो कि अध्यास सिद्धिबाट जगत्को मिथ्यात्व सिद्ध नभए ब्रह्म-विचारबाट उत्पन्न ज्ञानद्वारा मोक्ष सिद्ध हुँदैन । त्यसकारण यो अध्यास भाष्य हो निस्सन्देह ब्रह्मसूत्र भाष्यको अन्तर्गत ।

टिप्पणी -

अध्यास केलाई भन्छन्

जो वस्तु जहाँ छैन त्यो रूपमा त्यसको प्रतीति हो अध्यास किम्वा भ्रम । जस्तो रज्जु सर्प हैन, तापनि रज्जुको सर्परूपले प्रतीति हुनुलाई अध्यास भनेको छ ।

विषयी चिदात्माको धर्म

आत्मा धर्मरहित भए तापनि अन्तःकरणको वृत्तिरूप उपाधिवशात् त्यो वृत्तिमा अभिव्यक्त चैतन्यरूप ज्ञान र शान्त अन्तःकरणमा अभिव्यक्त आनन्द—यो दुवैलाई आत्माको धर्म भनेको छ ।

अध्यास मिथ्या हुनु उचित छ—यहाँ अध्यासको निषेध गरिएको छ – अर्थात् कहिले पनि अध्यास हुन सक्दैन (तथापि अविवेकवशात् सत्य र मिथ्यालाई एकीभूत गरेर स्वाभाविक लोक व्यवहार हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. अध्यासको संभावना प्रदर्शन

वास्तवमा अध्यास हुन सक्दैन, तापनि आत्मा र अनात्माकोभेद ज्ञानको अभाववशात् परस्पर अत्यन्त भिन्न जो जडता र चेतनारूप धर्म हो र अनात्मा र आत्मारूप धर्म हो तिनीहरूलाई एकीभूत गरीकन "यो म हुँ" "यो मेरो हो" यसप्रकार अनादि लोकव्यवहार बन्दछ ।

टिप्पणी–

एकीभूत गरेर अर्थात् अध्यास गरेर सत्य स्वरूप जो चिद् वस्तु हो त्यसको अनात्मा बुद्धिसित संसर्गाध्यास (मिथ्या सम्बन्धको आरोप) हुन्छ र मिथ्या जो बुद्धि अनात्म जड वस्तु हो त्यसको चिद्वस्तुसित स्वरूपाध्यास (तत्स्वरूपताको अध्यास—ज्ञातापन आदि परिणामिताको भान) हुन्छ । यसप्रकार अध्यास बिना सत्य र मिथ्या वस्तुको एकीभाव (बुद्धिको चेतनता र चिदात्माको ज्ञातापन) संभव हुँदैन । शुध्द चैतन्यमा अन्तःकरणको स्वरूपाध्यास हुन्छ र अन्तःकरणमा शुध्द चैतन्यको संसर्गाध्यास हुन्छ । पहिलो पहिलो अध्यास—संस्कार उत्तरोत्तर अध्यासको कारण हुन्छ ।

अनादि लोक व्यवहार हुन्छ—चैतन्यको धर्म प्रकाश-रूपता, अपरिणामिता कैले पनि जड वस्तुको (बुध्दिको) धर्म हुन सक्दैन र अन्तःकरणरूप जड वस्तुको धर्म–जडता, दुःख, शोक, अज्ञान चैतन्यको (चिदात्माको) धर्म हुन सक्तैन । युक्तिद्वारा यसप्रकार प्रतिभात भए तापनि लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारमा यसको विपरित देखिन्छ। "म हुँ शरीर" यस–प्रकार हामीहरू मान्दछौं र भन्दछौं। तर "म" शब्दद्वारा चैतन्यरूप आत्मा बुझाइन्छ र "शरीर" शब्दद्वारा अनात्मा जड वस्तुलाई बुझाइन्छ तापनि (आत्मा र अनात्मारूप दुई विभिन्न धर्मीको परस्पर आरोपपूर्वक) "म हुँ चेतन्न शरीर" यसप्रकार ज्ञान र व्यवहार हुन्छ। यसप्रकारको अध्यासलाई धर्मीको अध्यास भनेको छ। फेरि "मेरो शरीर" यसप्रकार ज्ञान र व्यवहार हुन्छ। यसलाई धर्मको अध्यास भनेको छ।

अध्यासको विभाग

अध्यासलाई पहिले दुई भागमा विभाग गरिन्छ—

(१) अर्थाध्यास (चाँदीरूप कल्पित विषय)।

(२) ज्ञानाध्यास (कल्पित चाँदीको ज्ञान)। "म हुँ शरीर"–यो अभिमानको विषयलाई अर्थाध्यास भनेको छ र "म हुँ शरीर"–यसप्रकार ज्ञानलाई ज्ञानाध्यास भनेको छ।

धर्मीको अध्यास र धर्मको अध्यास हो अर्थाध्यासको अन्तरगत। धर्मीको अध्यासमा अधिष्ठान र आरोप्यको एकत्व ज्ञान हुन्छ – जस्तो "म हुँ शरीर"। एक धर्मीको स्वरूप अर्को धर्मीमा अध्यस्त (आरोपित) भएको हुनाले किम्वा एक धर्मीको तादात्म्य (तत् स्वरूपता-बुध्दिको ज्ञातापन) अरू धर्मीमा (चिदात्मामा) प्रतिभात भएको हुनाले यसलाई स्वरूपाध्यास किम्वा तादात्म्याध्यास भनेको छ। धर्मीद्वय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि आत्मा र अनात्मा हुन्छ तब अनात्मरूप धर्मीको (शरीरको किम्वा अन्तःकरणको) जब आत्मामा अध्यास हुन्छ (जस्तो "म हुँ शरीर") तब त्यसलाई स्वरूपाध्यास किम्वा तादात्म्याध्यास भनेको छ। तर आत्म वस्तुको जब अनात्म वस्तुमा अध्यास हुन्छ (जस्तो "शरीर हुँ म") तब त्यसलाई संसर्गाध्यास किम्वा सम्बन्धाध्यास भनेको छ। अध्यस्त वस्तु मिथ्या भएको हुनाले र आत्मा मिथ्या वस्तु नभएको हुनाले संसर्ग अध्यासमा आत्मा अध्यस्त हुँदैन—किन्तु आत्मा र अमनात्मा यी दुई वस्तुको भित्र एक मिथ्या सम्बन्धको भान मात्र हुन्छ। धर्मीद्वय अनात्म वस्तु भए (सिपी–चाँदी इत्यादि ठाममा) स्वरूपाध्यास किम्वा तादात्मा-ध्यास नै हुन्छ (संसर्गाध्यास हुँदैन)।

धर्मको अध्यासमा धर्मी दुईको भेद ज्ञान हुन्छ— जस्तो "मेरो शरीर"। यस्तो ठाममा पैले धर्मीको अध्यास हुन्छ, पछि धर्मको अध्यास हुन्छ। धर्मीद्वारा परस्परको अध्या-सको परिणामले "म" यसप्रकार एउटा ज्ञान हुन्छ। यो "म" ले शरीरलाई बुझाउँदैन, शुद्ध चैतन्यलाई पनि बुझाउँदैन— किन्तु "तातेको फलाम खण्ड" भन्दा जस्तो फलाम खण्ड र आगाको दुबैको बीचमा भएको ("फलाम र आगोरूप) एक विशिष्ट वस्तुलाई बुझाइन्छ त्यस्तै अन्तः करण र शुद्ध चैतन्यको मध्यवर्ती एउटा चित् र जडरूप प्रातिभासिक वस्तुमात्रलाई बुझाइन्छ। पछि यो म रूप धर्मीमा स्वामित्वरूप एउटा धर्म र शरीररूप धर्मीमा स्वत्व (आफ्नोपन) रूप एउटा धर्म उत्पन्न हुन्छ। त्यसपछि देहको धर्म जो "निजत्व" (आफ्नूपन) त्यो "म" रूप धर्मीमा आरोपित हुन्छ र "म" रूप धर्मीको धर्म स्वामित्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीररूप धर्मीमा आरोपित हुन्छ । यसको परिणामले (धर्मीद्वयको परस्परमा परस्परको धर्म आरोप भएको हुनाले) "म हुँ शरीर" यसप्रकार धर्मीको अध्यासको पछि "मेरो शरीर" यसप्रकार धर्मको अध्यास हुन्छ ।

"मेरो अन्धोपन" आदि धर्माध्यासको ज्ञान स्थानमा इन्द्रियरूप धर्मीको धर्म ("स्वत्व" स्थानीय अन्धोपन) "म" रूप धर्मीमा अध्यस्त हुन्छ र "म" रूप धर्मीको धर्म (स्वामित्व) इन्द्रियरूप धर्मीमा अध्यस्त हुन्छ । जहाँ "म हुँ अन्धो" यसप्रकार ज्ञान हुन्छ त्यहाँ पनि यो धर्मको अध्यास नै हुन्छ – तर त्यसमा धर्मीको अध्यास हिस्सा परिस्फुट हुँदैन ।

लक्ष्य राख्नु पर्छ कि – धर्मीको अध्यासको ठाममा अधिष्ठान र आरोप्य (सिपी र चाँदी) अभिन्न रूपले प्रतिभात हुन्छ । तर धर्मको अध्यासको ठाममा धर्मी दुईको भित्र एउटा सम्बन्धको अध्यास हुन्छ । धर्मको अध्यास भएको ठाममा नियमित रूपले संसर्गाध्यास नै हुन्छ र धर्मीको अध्यास स्थानमा अनात्मामा आत्म वस्तुको अध्यास भएमा नै संसर्गाध्यास हुन्छ (अन्यथा स्वरूपाध्यास हुन्छ) ।

अध्यासको विशेष विशेष ठाम

जुन वस्तु जहाँ छैन त्यसलाई त्यो वस्तु रूपले बुझ्नु हो भ्रम किम्वा अध्यास । त्यो हो तल देखाइएको रूप—

पुत्र किम्वा स्त्री विकलाङ्ग भए (हात खुट्टा भाँचिए) म विकलाङ्ग भएको छु यस्तो सम्झनु हो बाह्य धर्मको आत्मामा (आफूमा) अध्यास किम्वा आरोप । "म हुँ दुब्लो"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा देहको धर्म आत्मामा अध्यास गरिन्छ। "म जानलागेको छु" यसमा इन्द्रियको धर्म आत्मामा अध्यास गरिन्छ। "म हुँ चिन्तित" यसमा अन्तःकरणको धर्म आत्मामा अध्यास गरिन्छ। त्यस्तै अहंकार वृत्तिलाई साक्षी चैतन्यमा आरोप गरीकन र सर्वसाक्षीलाई अन्तःकरणमा अध्यास गरिन्छ।

यो नै हो क्रमले अन्नमयकोषमा अभिमान, प्राणमय कोषमा अभिमान, मनोमयकोषमा अभिमान, विज्ञानमयकोषमा अभिमान र आनन्दमयकोषमा अभिमान—अर्थात् म हुँ शरीर, म हुँ गन्ता (गइरहेको), म हुँ मन्ता (मानिरहेको), म हुँ विज्ञाता र म हुँ भोक्ता आदि।

अध्यास सिद्धि प्रतिपादनको फल

अज्ञान ज्ञानद्वारा विनष्ट भएको हुनाले ब्रह्म-विचारबाट उत्पन्न भएको ब्रह्म र आत्माको एकता-ज्ञानद्वारा अज्ञान र त्यसको कार्य अनादि अध्यासको निवृत्ति संभव हुन्छ। अध्यासको निवृत्ति भए मोक्षरूप प्रयोजन सिद्ध भएको हुनाले ब्रह्मविचाररूप यो वेदान्त शास्त्र आरम्भ गर्नु योग्य हुन्छ।

३. अध्यासको लक्षण—अनिर्वचनीय ख्यातिवाद

अध्यास हो स्मृतिरूप परत्र पूर्वदृष्टको अवभास। यो अध्यास लक्षणमा अर्थाध्यास र ज्ञानाध्यास दुवै प्रकारको अध्यासको लक्षण देखाइएको छ।

अर्थाध्यास पक्षमा—रज्जुमा अध्यस्त सर्प हो अरू अधिकरणमा (रज्जुमा) स्मर्यमाण व्यावहारिक सर्पको झैं—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वदर्शनजन्य संस्कारबाट उत्पन्न भएको जो (प्रातिभासिक सर्प) देख्नमा आइराखेको छ त्यो हो अध्यास ।

ज्ञानाध्यास पक्षमा – अध्यस्त सर्पज्ञान हो अरू अधिकरणमा (रज्जुमा) व्यावहारिक सर्पको स्मृतिज्ञानको झैं जो ज्ञान पूर्वदर्शनबाट उत्पन्न हुन्छ (सर्पको पूर्वानुभव-जन्य संस्कारबाट उत्पन्न) त्यो हो अध्यास ।

रत्न प्रभाकरले भन्नुभो कि "अरू अधिकरणमा जो अवभासित हुन्छ (प्रतीत हुन्छ)" किम्वा अरू अधिकरणमा जो ज्ञान हुन्छ – त्यो हो अध्यासको लक्षण । "स्मर्यमाण व्यावहारिक सर्पको झैं कुनै प्रातिभासिक वस्तु किम्वा स्मृति ज्ञानको समान ज्ञान र पूर्वदर्शनजन्य संस्कारद्वारा जो प्रतीत हुन्छ किम्वा जो ज्ञान पूर्वानुभवजन्य संस्कारबाट उत्पन्न हुन्छ – यी दुवै पद यो लक्षणको उपपादनको लागि जोडिएका छन् ।

भामतीकार भन्नुहुन्छ "जो प्रतीत हुन्छ त्यो" किम्वा जो ज्ञान हुन्छ त्यो नै हो अध्यासको संक्षिप्त लक्षण । "स्मृतिरूप", "पूर्वदृष्ट" यो दुवै पद हो त्यो लक्षणको उप-व्याख्यान मात्र । यसरी अर्थाध्यास र ज्ञानाध्यासको लक्षण देखाइयो ।

टिप्पणी–

"स्मृति रूप परत्र पूर्वदृष्टको अवभास"–भाष्यकारको यो अध्यास लक्षणमा अनिर्वचनीय ख्यातिको कुरा नै भनि-एको छ । यो मतमा सारा पदार्थ नै हो चैतन्यमा अध्यस्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रज्जु चैतन्यमा नै अध्यस्त हुन्छ, त्यो रज्जु अविच्छिन्न चैतन्यमा अनिर्वचनीय सर्पको अध्यास हुन्छ । अनिर्वचनीय शब्दको अर्थ हो मिथ्या । जो सत् होइन, असत् होइन र सत् असत् पनि होइन त्यसलाई मिथ्या भनेको छ । रज्जु सर्प देशान्तरमा छ किम्वा बुद्धिमा बसेको छ यस्तो भन्नु बन्दैन । किनकि नजिकमा भएको रज्जुमा सर्पको प्रतीति भइरहेको छ । यो अनिर्वचनीय सर्प तत्कालमा अविद्याबाट उत्पन्न हुन्छ । अनिर्वचनीय ख्यातिको स्वीकारबाट जीव र जगत् प्रपंचको रहस्य उद्घाटनको लागि नै भगवान् भाष्यकारले अध्यास भाष्यको रचना गर्नुभयो ।

अधिष्ठान र आरोप्यको स्वरूपको बारेमा मत भेद भए तापनि अध्यास किम्वा भ्रमलाई अरू मतवादीहरूले पनि स्वीकार गरेका छन् । भ्रम सम्बन्धी मतवाद हुन पाँच प्रकार–आत्मा ख्याति (विज्ञानवादी बौद्धको मत), असत् ख्याति (शून्यवादी बौद्धको मत), अख्याति (प्रभाकरको मत) अन्यथा ख्याति (न्याय र वैशेषिकहरूको मत) र अनिर्वचनीय ख्याति (सिद्धान्त सम्मत मत)।

(१) रज्जु–सर्प बुद्धिमा छ (बुद्धि नै सर्पको आकार धारण गर्छ र बाहिरको सर्पको आकारमा प्रतीत हुन्छ) जो हो आन्तर त्यो बाहिरको भनी बोध हुन्छ यो नै हो भ्रम । (आत्म ख्याति– बुद्धिको सर्प रूपले भान र कथन) ।

(२) अत्यन्त असत् सर्पको रज्जु देशमा प्रतीति हुन्छ । (असत् ख्याति– अत्यन्त असत् सर्पको भान र कथन) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) रज्जुमा जो सर्पज्ञान हुन्छ त्यो रज्जुमा सर्पज्ञान हैन (सर्पत्व विशिष्ट इदंपद वाच्य रज्जुको ज्ञान हैन किन्तु यो हो इदं ज्ञान र सर्प ज्ञान यी दुईवटा पृथक् ज्ञान (केवल तिनीहरूको भेदको ज्ञान रहँदैन अभेदको व्यवहार हुन्छ)। रज्जुमा सर्परूप विषयको अभाव भएको हुनाले सर्पज्ञान हुन सक्दैन-इदं ज्ञान र सर्पज्ञानको भेद ज्ञानको अभाव भईकन नै हुन्छ (अख्याति)।

(४) सर्प देशान्तरमा छ र त्यो चक्षुद्वारा दृष्ट भएको छ । नेत्र दोषले गर्दा त्यो सर्प नजिकमा भनी प्रतीत हुन्छ। दोष युक्त आँखाद्वारा व्यवहित सर्प नजिकमा देखिन्छ। यो ठाउँमा रज्जुमा रज्जुभाव प्रतीत हुन्छ-रज्जु अरू प्रकारले ख्यात हुन्छ (अन्यथा ख्याति)।

(५) रज्जु भ्रम स्थलमा अन्तःकरण वृत्ति चक्षु-इन्द्रियबाट निस्किन्छ र रज्जुसित त्यो वृत्तिको सम्बन्ध हुन्छ - तर चक्षुमा तिमिर (मन्द अँध्यारो) आदि दोषरूप प्रतिबन्धकले अन्तःकरण वृत्ति रज्जुको समान आकार धारण गर्दैन। त्यसकारण रज्जुको आज्ञानरूप आवरणको अंग हुँदैन (अर्थात् रज्जुको प्रतीति हुँदैन)। परिणामले रज्जु चैतन्यमा अवस्थित अविद्यामा चाञ्चल्य उत्पन्न भएर त्यो अविद्या सर्पको आकारमा परिणाम प्राप्त हुन्छ।

सर्प जस्तो अविद्याको परिणाम हो, सर्पको ज्ञानरूप वृत्ति पनि अविद्याको परिणाम हो-सर्प ज्ञान अन्तःकरणको परिणाम हैन। रज्जुको ज्ञान भए सर्प जस्तो बाधित हुन्छ त्यस्तो सर्प ज्ञान पनि बाधित हुन्छ । सर्प ज्ञान अन्तःकरणको वृत्तिरूप (व्यावहारिक) ज्ञान भए रज्जु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानद्वारा बाधित हुने थिएन । अन्तःकरणको वृत्तिरूप सर्पज्ञान (व्यावहारिक भएको हुनाले) एक मात्र ब्रह्मज्ञानद्वारा बाधित हुन्छ । त्यसकारण सर्प भ्रम र सर्प हो अविद्याको वृत्ति किम्वा कार्य—अविद्याको तमोगुणबाट सर्प खडा हुन्छ र सत्त्व गुणबाट सर्पज्ञान उत्पन्न हुन्छ । त्यो हो सत् र असत्देखि विलक्षण अनिर्वचनीय किम्वा मिथ्या (अनिर्वचनीय ख्याति) ।

भ्रम-स्थलमा सर्पादिरूप भ्रमको विषय र त्यसको ज्ञान एकै साथ उत्पन्न हुन्छ र अधिष्ठानको ज्ञान भए सँगसँगै भ्रम ज्ञान र त्यसको विषय (सर्प) लय प्राप्त हुन्छ ।

स्वप्न र भ्रमदेखि भिन्न कालमा अविद्या नै जगत् प्रपञ्चको उपादान कारण हुन्छ । तर भ्रम कालमा अविद्या साक्षात् रूपले कारण हुन्छ, अरू कालमा भूत सृष्टिपूर्वक कारण हुन्छ ।

बाह्य रज्जु सर्प र आन्तर स्वाप्निक पदार्थ दुवै नै हो साक्षी भाष्य (अविद्याको वृत्तिद्वारा साक्षी तिनीहरूलाई प्रकाश गर्दछ) ।

४. अन्यथा-ख्यातिवादमा र आत्म-ख्यातिवादमा अध्यासको लक्षण

अध्यासलाई कोही कोही (नैयायिक, वैशेषिक र क्षणिक विज्ञानवादीहरू) ले एक ठाममा अरू धर्मको अध्यास भनेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. अख्यातिवादमा अध्यासको लक्षण

कोही कोही (सांख्य र प्रभाकर मीमांशकहरू) भन्छन्–जहाँ जस्तो अध्यास हुन्छ त्यहाँ अधिष्ठान र आरोप्यको पार्थक्य ज्ञानको अभावले जो भ्रम हुन्छ (सिपीमा, यो हो चाँदी यसप्रकार भ्रममूलक व्यवहार) त्यो नै हो अध्यास ।

६. असत्-ख्यातिवादमा (शून्यवादमा) अध्यासको लक्षण

शून्यवादी भन्छन् कि–जुन अधिष्ठानमा जसको अध्यास हुन्छ त्यो अधिष्ठानको नै विपरित धर्मत्व कल्पनालाई अध्यास भनेको छ ।

जो देखिन्छ त्यो छँदै छैन । जो छैन त्यो नै देखिन्छ । जो जगत् देखिन्छ त्यो हो स्वप्नवत् अलीक (छँदै छैन)–त्यो केही पनि छैन ।

(तर सुषुप्त पुरुषको अनुभवद्वारा शून्यवाद सिद्ध हुँदैन—किनभने "सुषुप्तिमा म थिइन" यसप्रकार अनुभव कसैले गर्दैन । ज्ञाता आत्मा शून्यवाद हैन ।

७. सर्वमत साधारण अध्यासको लक्षण

ख्यातिवादहरूको भित्र भेद भए तापनि अध्यास कालमा एक पदार्थमा (डोरीमा) अरू पदार्थ (सर्प) को धर्मको मिथ्या प्रतीति हुन्छ भनी सबै नै मान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी–

आत्म–ख्यातिवाद्मा (विज्ञानवाद्मा) बुद्धिको सर्परूपले भान बाहिरी सर्पाकारमा प्रतीति हुन्छ। जो आन्तर (बुद्धि) हो त्यो नै बाहिरको पदार्थको आकारमा अवभासित हुन्छ।

असत् ख्यातिवाद्मा (शून्यवाद्मा) असत् रज्जुको असत् सर्पत्त्व युक्त रूपले प्रतीति हुन्छ (शून्यवाद्मा रज्जु सर्प सारा पदार्थ नै हो शून्य कुनै पदार्थ पनि छैन)।

अख्यातिवाद्मा इदं पद वाच्य रज्जुमा पृथक् सर्पत्व ज्ञानको प्रतीति हुन्छ।

अन्यथा ख्यातिवाद्मा रज्जुको सर्पत्व युक्त (अर्थात् रज्जुदेखि भिन्न) रूपले प्रतीति हुन्छ।

अनिर्वचनीय ख्यातिवाद्मा रज्जुको तत्कालमा अविद्यावाट उत्पन्न सर्पत्व युक्त रूपले प्रतीति हुन्छ।

८. अविषय प्रत्यगात्मामा अध्याससिद्धि बारेमा संशय

प्रश्न–इन्द्रिय र मनको अगोचर प्रत्यक् आत्मामा देह, इन्द्रिय आदि अनात्मवस्तु र त्यसका धर्महरूको अध्यास कसरी संभव होला ?

उत्तर–प्रत्यगात्मा पूर्णरूपले अविषय हैन, त्यसैले अध्यास सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि भन्छौ कि प्रत्यगात्मा सामान्य रूपले पनि विषय हैन तब भन्छु कि "म" रूपले प्रत्यगात्मा सबैको निम्ति प्रतिभात भएको हुनाले आत्मा अध्यासको अधिष्ठान हुन सक्छ । आत्मा "म" शव्दबाट उत्पन्न जो ज्ञान हो त्यसको विषय हुन्छ र स्वयंप्रकाश हुनाले सारा मानिसले आत्मालाई जानिराखेका छन् । त्यसकारण आत्मा शरीर, इन्द्रिय आदि अध्यासको अधिष्ठान हुन सक्छ ।

यदि भन्छौ कि आत्मा बहिरिन्द्रियजन्य प्रत्यक्षको विषय हुँदैन (त्यसकारण अध्यासको अधिष्ठान हुन सक्दैन) तब त्यसको उत्तर यो हो कि यस्तो नियम छैन कि सामुन्नेमा स्थित विषयमा मात्र अरू विषयको अध्यास हुन्छ किनभने इन्द्रियको अग्राह्य आकाशमा पनि अविवेकी मानिस तल मलीनतादिको अध्यास संभव हुन्छ ।

६. अध्यास हो आविद्यक, त्यसबाट अधिष्ठान विकृत हुँदैन

अध्यासलाई अविद्या भनी मानिएको छ । अध्यस्त पदार्थको निषेधबाट भ्रमको अधिष्ठानको स्वरूप निर्धारणलाई विद्या (ज्ञान) भनेको छ । अध्यास अविद्यारूप भएको हुनाले अध्यस्त पदार्थको दोष किम्वा गुणले अधिष्ठान अलिकति पनि विकारी (सम्बन्धयुक्त) हुँदैन । अध्यासलाई अवलम्बन गरीकन लौकिक र वैदिक प्रमाण–प्रमेय सारा ब्यवहार बन्दछ र विधि निषेध र मोक्ष प्रतिपादक शास्त्रहरू प्रवृत्त हुन्छन् ।) सारा मोक्ष शास्त्र पनि हो अविद्या मूलक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. अध्यास स्वीकारमा प्रमाणहरूको अप्रामाण्य शंका र त्यसको निराकरण। लोक व्यवहार सिद्धिको लागि अध्यासलाई स्वीकार गर्नु पर्छ

प्रत्यक्ष आदि प्रमाण र वेदादि शास्त्र यदि अविद्याश्रित जीवको नै विषय हुन्छ तब शास्त्र कसरी प्रमाण भनी मान्य हुन सक्ला ?

यो प्रश्नको उत्तर–देहादि विषयमा अभिमान वर्जित भए प्रमातृत्व किम्वा कर्तृत्व आदि संभव हुँदैन। प्रमातृत्व बिना चक्षुरादि प्रमाणको प्रवृत्ति संभव छैन। देहादिको आश्रय बिना इन्द्रियहरू आफ्नो, आफ्नो कार्य गर्न सक्दैनन्। जुन देहमा अहं मम भावको अध्यास छैन त्यो देहबाट कुन जीव, कुन कार्य साधन गर्न सक्ला ? त्यसकारण यो नै प्रतिपन्न हुन्छ कि प्रत्यक्षादि प्रमाण र वेदादि शास्त्र अविद्याश्रित जीवको बारेमा लागु हुन्छ। प्रत्यक्षादि प्रमाण र वेदादि सारा शास्त्र हुन अविद्याको अधीन (अध्यास मूलक)—त्यसैले तिमीहरूको प्रामाण्य हो व्यावहारिक (तात्त्विक हैन)। अध्यासको निवृत्ति नहुनुसम्म अध्यास मूलक व्यवहार संभव हुन्छ। अज्ञानी मानिस नै प्रत्यक्षादि व्यवहारमा प्रवृत्त हुन्छ, यस्तो हैन, किन्तु ज्ञानीहरू पनि व्यवहार कालमा अध्यस्त भाव ग्रहण गरीकन नै आवश्यक कार्य निर्वाह गर्छन्। यो अनुमान र अर्थापत्तिद्वारा निश्चित हुन्छ। त्यसकारण प्रत्यक्ष र अनुमान आदिबाट यो सिद्ध हुन्छ कि आत्मा र अनात्माको परस्पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यास भएमा नै व्यवहार संभव हुन्छ । निर्गुण, निष्क्रिय र असंग आत्माबाट कुनै प्रकारको व्यवहार संभव छैन ।

११. चिदात्मस्वरूपको ज्ञान हुनुको पहिले शास्त्रीय कर्ममा अधिकार हुन्छ । अध्यास हो श्रुतिसिद्ध

यद्यपि आत्माको परलोक सम्बन्ध ज्ञान बिना शास्त्रोक्त यज्ञादि कार्यमा कसैको प्रवृत्ति हुन सक्दैन तापनि यस-प्रकार ज्ञान–वेदान्तवेद्य, भोक प्यास आदि धर्म रहित, अखण्ड एकरस आत्मा स्वरूपको ज्ञान हैन । किनकि आत्मा तत्त्वको ज्ञान नहुनुसम्म नै शास्त्रोक्त कर्मानुष्ठानमा प्रवृत्ति संभव हुन्छ । चैतन्य मात्र स्वभाव निर्विशेष आत्मामा-अनात्म बुद्धि आदिको अध्यास बिना र बुद्धि आदि अनात्म पदार्थमा अहं मम यसप्रकार ज्ञान बिना कुनै प्रकारको शास्त्रोक्त व्यवहार संभव हुन सक्दैन । यसरी अहंवृत्तिलाई त्यसको प्रकाशक साक्षी चैतन्यमा अध्यास (आरोप) गरीकन र साक्षी स्वरूपलाई अन्तःकरण आदिमा अध्यस्त गरीकन मानिस नाना प्रकार ज्ञान र व्यवहार निस्पन्न गर्दछ । अनिर्वचनीय अध्यास नै हो कर्तृत्व, मोहत्व आदिको प्रवर्तक । यसरी अध्यास हो श्रुतिद्वारा सिद्ध ।

१२. अध्यासको उपसंहार-मिथ्याज्ञानरूप अध्यास ज्ञानबाट नाश्य भएको हुनाले मोक्षरूप प्रयोजनको सिद्धि

स्वाभाविक अध्यास मिथ्याज्ञानरूप कर्तृत्व र भोक्तृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वको प्रयोजक भएको हुनाले अनर्थको हेतुरूप अविद्या नाशको लागि जीवात्मा र परमात्माको एकता ज्ञान प्रयोजन हुन्छ । यो विद्यालाभको लागि ऐले उपनिषद्हरूको विचार गरिन्छ (वेदान्त शास्त्र आरम्भ हुन्छ)। उपनिषद्को जीव र परमात्माको एकता ज्ञान नै हो अर्थ–यो देखाइन्छ ।

(प्रथम वर्णक—सूत्र भाष्यको भूमिका – समाप्त भयो)

टिप्पणी–

प्रथम वर्णकको तात्पर्य

ब्रह्मसूत्रको पहिला सूत्रको भाष्यलाई चार भागमा विभक्त गरीकन विवरण प्रस्थानका चार वर्णक रूपले उल्लेख गरिएको छ। भामती प्रस्थानमा यसरी वर्णक भेद स्वीकार गरिएको छैन। यो चार वर्णकको भित्र पैला वर्णकको (अध्यास भाष्यको) तात्पर्य हो –

अध्यास सिद्ध भएमा नै ब्रह्म विचार शास्त्रको मोक्ष रूप जो प्रयोजन (फल) हो त्यो र यो शास्त्रको विषय जो जीव र ब्रह्मको एकता हो। त्यही नै सिद्ध हुन्छ र जीव ब्रह्मको एकता सिद्ध हुँदैन । अध्यास सिद्ध नभए – अविद्या (अध्यासको कारण) हो जगत्को परिणामी कारण–यो पनि सिद्ध हुँदैन र त्यो अविद्याको निवृत्तिमा मोक्षरूप फल सिद्ध हुन्छ, यो पनि हुँदैन। अर्थात् अध्यास सिद्ध भएमा नै वेदान्त दर्शनको विषय र प्रयोजन सिद्ध हुन्छ र विषय र प्रयोजन सिद्ध भएमा नै यो ब्रह्म विचार शास्त्रको आरम्भ संगत हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छ । त्यसकारण सबभन्दा पहिले अध्यास सिद्ध हुन्छ कि हुँदैन यस विषयमा विचार गरिएको छ । यत्ति नै हो अध्यास भाष्यको (प्रथम वर्णकको) उद्देश्य । यो प्रथम वर्णकका अवयव (हिस्साहरू) हुन् यसप्रकार—

विषय– जीव र ब्रह्मको एकता (परमार्थ सत्य वस्तु हो अद्वैत) ।

संशय– वेदान्त शास्त्रको प्रयोजन जो मोक्ष हो त्यसको अनुकूल जो अध्यास हो त्यो सिद्ध हुन्छ कि हुँदैन ?

पूर्वपक्ष– उज्यालो र अँध्यारोको झैं विरुद्ध स्वभाव भएका जो आत्मा अनात्मा हुन् तिनीहरूको परस्परमा अध्यास (मिलान) हुन सक्दैन । त्यसकारण अध्यासको अभावमा विषय र प्रयोजन सिद्ध नभएको हुनाले यो वेदान्त शास्त्रको आरम्भ गर्नु आवश्यक छैन ।

सिद्धान्त पक्ष– यो अध्यास हो स्वाभाविक–चेतन आत्मासित जड देहादिको तादात्म्याध्यासबाट 'म' भन्ने अध्यास सबैको अनुभव गोचर भएको–हुनाले अध्यास सिद्ध हुन्छ । त्यसैले विषय र प्रयोजन सिद्ध भएको हुनाले वेदान्त शास्त्रको आरम्भ आवश्यक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी प्रथम वर्णकमा ब्रह्मसूत्रको पहिला सूत्रको अर्थ यसप्रकार हुन्छ –

अध्यास सिद्ध भएको हुनाले चार साधन (विवेक, वैराग्य, सम, दम, आदि ६ गुण र मुमुक्षा) संयुक्त हुनुको पछि ब्रह्मविचार गर्नु कर्तव्य हो। (त्यसकारण ब्रह्मविचार रूप यो शास्त्रको आरम्भ संगत हो)।

लक्ष्य राख्नु पर्छ कि—यो विज्ञासा अधिकरणको जो विचारणीय विषय हो (अर्थात् "आत्मा हो दर्शन गर्नुको योग्य, श्रावण गर्नुको योग्य" (वृहदारण्यक उपनिषद् ४।५।६ रूप श्रुतिवाक्य) त्यो नै हो साक्षात् किम्वा परम्पराले चार वर्णकको पनि विचारणीय विषय। किनभने यो मूल विषय वाक्यलाई अवलम्बन गरीकन प्रसंगमा जो शंकाहरू उठ्न सक्छन् तिनीहरूको निराकरणको लागि नै चार वर्णकमा यी अवान्तर विषयहरूको विचार गएको छ।

(प्रथम वर्णक समाप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय वर्णक

वेदान्त मीमांसा शास्त्रको यो हो पहिला सूत्र
(द्वितीय वर्णक समाप्त भयो)

टिप्पणी–

द्वितीय वर्णकको तात्पर्य

अभ्यास सिद्धिद्वारा यो ब्रह्म विचाररूप उत्तर मीमांसा शास्त्रको विषय र प्रयोजन सिद्ध भएतापनि उप–निषद् वाक्यको विचाररूप यो वेदान्त दर्शनको जो प्रतिपाद्य विषय हो त्यो पूर्वमीमांसा दर्शनमा विचारित भएको छ किम्वा भएको छैन, यसप्रकार शंका हुन्छ। यसको फलले यो वेदान्त दर्शनको आरंभ विषयमा फेरि संशय उत्पन्न हुन्छ। किनभने यो शास्त्रको जो प्रतिपाद्य विषय हो त्यो यदि पूर्वमीमांसा दर्शनमा प्रतिपादित भइसकेको छ भने यो पृथक् शास्त्रको आरंभ निष्फल भइहाल्छ। यस प्रकार शंकाको समाधान यो द्वितीय वर्णकमा गरिएको छ। यो द्वितीय वर्णकको अवयव हो यस प्रकार –

शंकाः-यो वेदान्त दर्शन पूर्वमीमांसाको अन्तरगत हो वा होइन ?

पूर्वपक्षः– समग्र वेद हो क्रियापरक, त्यसकारण कर्म प्रतिपादन बाहेक जीव र ब्रह्मको एकत्व प्रतिपादन वेदको प्रतिपाद्य होइन। त्यसैले मनुष्यको मोक्षरूप प्रयोजन सिद्धिको लागि जो कुछ आवश्यक हुन्छ त्यो पूर्वमीमांसामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारित भएको छ। त्यसकारण यो वेदान्त शास्त्र आरम्भ गर्नु हो निष्प्रयोजन।

सिद्धान्तः—सम्पूर्ण वेदले कर्ममात्रलाई प्रतिपादन गरेको छैन। उपसंहार आदि षड्विध तात्पर्य बोधक लिंगद्वारा यो सिद्ध हुन्छ कि उपनिषद्हरूमा निर्गुण, निष्क्रिय, अद्वैत ब्रह्म प्रतिपादित भएको छ, कर्म प्रतिपादित भएको हैन। उपनिषद्मा पनि यदि कर्मनै प्रतिपादित हुने थियो तब उपनिवद् वाक्यहरूको विचारको लागि सर्वज्ञ भगवान् वादरायणले यो उत्तर मीमांसा शास्त्रको रचना गर्नुहुने थिएन। त्यसकारण उपनिषद्हरूको जो कुछ प्रतिपाद्य हो—अर्थात् जीव र ब्रह्मको एकता र अविद्याको निवृत्ति र परमानन्द प्राप्ति रूप मोक्ष—त्यो पूर्वमीमांसामा विचारित भएको छैन। त्यसकारण उपनिषद् वाक्यहरुको विचार पूर्वमीमांसामा अन्तर्भूत नभएको हुनाले यो वेदान्त दर्शनको आरम्भ हो आवश्यक। त्यसकारण सूत्रको उल्लेखको पहिले भगवान् भाष्यकारले भन्नुभयो—"यो हो पहिला सूत्र"।

यस प्रकारले द्वितीय वर्णकमा पहिला सूत्रको अर्थ हो यस प्रकार—

वेदान्त वाक्यहरूको विचार पूर्वमीमांसामा अन्तभूत नभएको हुनाले, साथन चतुष्टय सम्पन्न हुनु भन्दा पछि ब्रह्म विचार गर्नु हो कर्त्तव्य।

तृतीय वर्णक

१. ब्रह्मसूत्र प्रथमसूत्रको अर्थ—ब्रह्मको विचार्यंता (तृतीय वर्णक अनुसार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधन चतुष्टय सम्पन्न भए पछि–कर्मको फल अनित्य र ज्ञानको फल (मोक्ष) नित्य भएको हुनाले–मोक्षको साधन-भूत ब्रह्मज्ञान प्राप्त गर्नको लागि मुमुक्षु पुरुषले वेदान्त वाक्यहरुको सहाराबाट अवश्य ब्रह्म विचार गर्नुपर्छ।

टिप्पणी–

साधन चतुष्टय

(१) नित्यानित्यवस्तुविवेक –

एक मात्र ब्रह्मवस्तु नै हो नित्य, सत्य र जगत् हो अनित्य र मिथ्या – यसप्रकार स्थिरीकरण (स्थिर गर्नु)

(२) इहामूत्रफलभोगविराग—यस लोकको र परलोकको भोगेच्छालाई त्याग गर्नु

(३) शम, दम आदि साधन सम्पत्ति –

शम (भोग्य विषयको बारंबार दोष दर्शन-पूर्वक भोग्य विषयबाट मनलाई निवृत्त गर्नु)

दम (रूप, रस आदि विषयहरुबाट आँखा आदि इन्द्रियहरुलाई हटाउनु)

उपरति (विधिपूर्वक शास्त्रविहित कर्मको त्याग किम्वा श्रवण, मनन आदिदेखि भिन्न कुनै विषयमा मनलाई र इन्द्रियहरुलाई जान नदिनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तितिक्षा (प्रतिकारको चेष्टा नगरीकन खेद रहित भएर सारा दुःखलाई सहन गर्नु)

समाधान (निद्रा र आलस्यलाई परित्याग गरीकन शुद्ध चैतन्यमा मनको सर्वप्रकारले एकाग्रता सम्पादन गर्नु)

श्रद्धा (गुरु र वेदान्त वाक्यमा दृढ विश्वास गर्नु)

(४) मुमुक्षुता—(संसारको सम्पूर्ण बन्धनबाट मुक्त हुने इच्छा गर्नु)

पूर्ववर्ती – (पहिले बताइएका) साधनहरू भएमा नै परवर्ती साधनहरूको अभ्यास र त्यसमा स्थिति संभव हुन्छ।

तृतीय वर्णकको तात्पर्य

प्रथम र द्वितीय वर्णकमा यथाक्रमले विषय र प्रयोजनको सद्भाव र ब्रह्मविचाररूप यो वेदान्त शास्त्रको पूर्वमीमांसा दर्शनमा अन्तरभूत न हुनु, यो देखाइ सकिएको छ। ऐले यो शास्त्रको अधिकारी छ वा छैन यसको विचार गरिन्छ। किनभने अधिकारी न भए शास्त्रको रचना निष्फल हुन्छ, त्यसकारण अधिकारीको अभावमा शास्त्रको आरंभ व्यर्थ हुन्छ। त्यसैले यो तृतीय वर्णकमा अधिकारी सिद्ध हुन्छ कि हुँदैन भन्ने कुरा विचारित भएको छ।

यस वर्णकको अवयव हो यस प्रकारः –

शंका— ब्रह्मविचाररूप यो शास्त्रको कुनै अधिकारी छ वा छैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वपक्ष—इहलोकको र परलोकको भोग्य विषयमा नै मानिसको इच्छा भइराखेको हुनाले भोगप्रद कर्ममा नै मानिसको प्रवृत्ति भइरहन्छ, मोक्ष विषयमा हुँदैन। त्यसकारण मोक्षप्रतिपादक शास्त्रको कुनै अधिकारी देखिंदैन। त्यसैले अधिकारीको अभावमा यो शास्त्रको आरंभ हुन सक्दैन।

सिद्धान्त—भोगमा तृष्णावान् पुरुषको भोगप्रद कर्ममा प्रवृत्ति भए तापनि-कर्मफल अनित्य भएको हुनाले भोगमा तृष्णारहित मोक्षकामी पुरुषको कर्ममा प्रवृत्ति नभईकन मोक्षरूप नित्य पुरुषार्थमा नै प्रवृत्ति हुन्छ। मोक्ष हो ब्रह्मज्ञान साध्य। त्यसकारण ब्रह्मज्ञानको साधन जो ब्रह्म विचार हो त्यसको अधिकारी छ। त्यसैले अधिकारी सिद्ध भएको हुनाले ब्रह्मविचाररूप यो वेदान्त दर्शनको आरम्भ हो युक्तियुक्त।

२. धर्मजिज्ञासा भन्दा पछि ब्रह्मजिज्ञासा हो अनियत। कर्ता एक नभएको हुनाले क्रमरूप आनन्तर्य विवक्षित होइन

धर्मजिज्ञासा र ब्रह्मजिज्ञासा दुवैको पहिले वेदको अध्ययन नियमित रूपले अपेक्षित हुन्छ। त्यसकारण वेदाध्ययनको पछि ब्रह्मजिज्ञासा हुन्छ-यस्तो भन्नु बन्दैन। धर्मजिज्ञासाको (कर्मज्ञानको) पहिले पनि जो मानिसले वेदान्त अध्ययन गरेको छ त्यसको लागि ब्रह्मजिज्ञासा संभव हुन्छ। धर्म र ब्रह्मजिज्ञासाको कर्ता एकै पुरुष न भएको हुनाले धर्म जिज्ञासाको पछि ब्रह्मजिज्ञासा हुँदैन। त्यसकारण यहाँ क्रम अर्थ विवक्षित होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. फल र जिज्ञास्य विषयको भेद भएको हुनाले यहाँ क्रम विवक्षित होइन ।

धर्मज्ञानको फल हो स्वर्गादि सुख, त्यो यज्ञादि कर्मको अनुष्ठानलाई अपेक्षा गर्छ । तर ब्रह्मज्ञानको फल हो मोक्ष । त्यो अरू अनुष्ठानलाई अपेक्षा गर्दैन । साध्य धर्म (कर्म) हो धर्म जिज्ञासामा जिज्ञास्य । त्यो हो पुरुष व्यापार तन्त्र । तर ब्रह्म जिज्ञासामा नित्य सिद्ध ब्रह्म वस्तु हो जिज्ञास्य । त्यो पुरुष व्यापार तन्त्र होइन (पुरुषको प्रयत्नको अधीन) होइन । त्यसकारण दुवै जिज्ञासाको कर्ता एकै मानिस हुन सक्दैन । त्यसैले यो सूत्रमा क्रम अर्थ हुन सक्दैन ।

४. वेदवाक्यको अर्थबोधकताको भेदले यहाँ क्रम अर्थ हुन सक्दैन ।

यहाँ विधिको अविषय जो ब्रह्म र विधिको विषय जो कर्म यी दुईवटाको प्रतिपादक जो असाधारण वेद वाक्य हो त्यसको कर्म प्रतिपादकता र ब्रह्म प्रतिपादकतारूप प्रवृत्ति भेद देखाइन्छ ।

५. "साधन चतुष्टय प्राप्तिको पछि" यत्ति नै हो अनन्तर शब्दको अर्थ । नित्यानित्यवस्तुको विवेक, इहामूत्रफलभोग विराग, शमदमादि साधनको उत्कर्ष प्राप्ति र मोक्षलाभको इच्छा—यिनीहरुको अव्यवहित पछि नै ब्रह्मजिज्ञासा उपदिष्ट भएको छ । यो साधन चतुष्टय प्राप्त भए धर्म जिज्ञासा भन्दा पहिले र पछि पनि ब्रह्मलाई जान्नुको इच्छा र जान्न सक्नु संभव हुन्छ । तर साधन चतुष्टय नभए ब्रह्म विचार संभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन। त्यसैले यहाँ साधन चतुष्टय प्राप्तिको अनन्तर नै ब्रह्म विचार गर्नु कर्तव्य हो — यसप्रकार उपदेश गरिन्छ।

६. यहाँ हेतुताको द्योतक हो (हेतु हो) कर्मफलको अनित्यता र ज्ञानफल मोक्षको नित्यता।

अग्निहोत्र आदि कर्मको फल हो अनित्य, यो वेदले नै प्रदर्शन गरेको छ (छान्दोग्य ८।१।६), त्यस्तो ब्रह्मज्ञान-बाट जो परमपुरुषार्थ लाभ हुन्छ त्यो पनि वेदले नै प्रदर्शन गरेको छ। (तैत्तिरीय २।१)। त्यसकारण कर्मको फल अनित्य र ज्ञानको फल मोक्ष नित्य भएको हुनाले कहिएको साधन चतुष्टय प्राप्तिको अनन्तर ब्रह्मजिज्ञासा हो कर्त्तव्य।

७. ब्रह्मजिज्ञासा पदको अर्थ हो ब्रह्मको जिज्ञासा। ब्रह्म विषयक अपरोक्ष ज्ञानलाभको लागि उपनिषद् वाक्य-हरूको विचार गर्नु कर्त्तव्य हो।

ब्रह्म विचारित भएमा नै तत् संश्लिष्ट ब्रह्मको लक्षण (द्वितीय सूत्र) र प्रमाण आदि (तृतीय सूत्र र चतुर्थ सूत्र) पनि विचारित भइहाल्छ।

८. जिज्ञासा शब्दको व्याख्या—ब्रह्म जिज्ञासाको फल हो अपरोक्ष ब्रह्मानुभूति।

ब्रह्म सम्पूर्ण अज्ञात वस्तु होइन। आफ्नो अनुभव र शास्त्रादिबाट ब्रह्मको बारेमा सबैलाई नै आपात ज्ञान हुन्छ। ब्रह्मको बारेमा यो आपात ज्ञान (परोक्ष ज्ञान) हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मजिज्ञासाको कारण । जो ब्रह्मज्ञान हो ब्रह्मजिज्ञासाको फल, त्यो फलस्वरूप ब्रह्मज्ञान हो "म ब्रह्म हुँ" यसप्रकार अपरोक्ष अखण्डाकार वृत्तिरूप । अविद्यारूप आवरण निवृत्त भए जो ब्रह्मचैतन्य अभिव्यक्त हुन्छ त्यसलाई ब्रह्मज्ञान भनेको छ । यसरी परोक्षज्ञान र अपरोक्षज्ञान भेदले ब्रह्मजिज्ञासाको 'कारण' र फलको भेद हुन्छ । त्यसैले ब्रह्मजिज्ञासा उपपन्न भयो ।

(तृतीय वर्णक समाप्त)

चतुर्थ वर्णक

१. सामान्यरूपले ज्ञात ब्रह्मलाई विशेषरूपले जान्नको लागि ब्रह्मविचार आवश्यक हुन्छ ।

पूर्वपक्षी भन्दछन्, ब्रह्मवस्तु लोकमा प्रसिद्ध छैन र श्रुतिबाट ब्रह्म शब्द सुनिन्छ तापनि मानिस त्यसको अर्थ बोध गर्न सक्दैन–ब्रह्म के हो, मनुष्य त्यसलाई जान्दैनन् ।

यसको जवाफमा सिद्धान्ती भन्नुहुन्छ—वेद अध्ययन कालमा पद र पदार्थको ज्ञानको लागि निरुक्त र व्याकरण आदि शास्त्रको पर्यालोचना आवश्यक हुन्छ । तदनुसार ब्रह्म शब्दको व्युत्पत्ति गरे पछि नै ब्रह्म हो निरतिशय–व्यापक, नित्य, शुद्ध र मुक्त (तत् पदको लक्ष्यभूत – जो मायाद्वारा तत् पद्को वाच्य हुनुहुन्छ) त्यो प्रतीत हुन्छ । सबैको आत्मा भएको हुनाले ब्रह्मको अस्तिताको प्रसिद्धि छ – "म छैन" यसप्रकार कसैले पनि अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैनन् (सबैले आत्माको अस्तित्व अनुभव गर्दछन्)। आत्माको अस्तित्त्व यदि प्रसिद्ध नहुने थियो तव सब मनुष्य नै "म छैन" यसप्रकार अनुभव गर्ने थिए। (तर त्यस्तो गर्दैनन्) । त्यो आत्मा नै हो ब्रह्म (यो श्रुति वाक्यबाट जान्नमा आउँछ)।

२. स्वात्म विषयमा मतभेद भएको हुनाले त्यस विषयमा विशेष ज्ञानको लागि यो वेदान्त दर्शनको आरम्भ भएको छ ।

पूर्वपक्षी भन्छन्–ब्रह्म (सबैको आत्मा) यदि ज्ञात नै भयो तव त्यसलाई कोही जान्न इच्छा गर्दैन । यसको जवाफमा सिद्धान्ती भन्नुहुन्छ–यो ठीक हैन ! किनभने आत्माको स्वरूप वास्तवमा के हो यस विषयमा नानाप्रकार मत भेद छ ।

शास्त्रज्ञान–शून्य मानिसहरू र चार्वाकहरू चैतन्य-विशिष्ट देहलाई आत्मा भन्दछन् । चार्वाकको एक सम्प्रदाय चेतन इन्द्रियहरूलाई आत्मा भन्दछन्, चार्वाकको अर्को एक सम्प्रदाय मनलाई नै आत्मा भन्दछन्। क्षणिक विज्ञान–वादी बौद्धहरू क्षणिक विज्ञानलाई नै आत्मा भन्दछन्। माध्यमिक बौद्धहरू शून्यलाई आत्मा भन्दछन्। न्यायवै–शेषिक मतावलम्बीहरू देहदेखि भिन्न, संसारी कर्ता र भोक्ता लाई आत्मा भन्दछन्। सांख्य मतावलम्बीहरू भन्दछन् कि आत्मा हो केवल भोक्ता, कर्ता होइन। पातञ्जल मताव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लम्बीहरू भन्दछन् कि भोक्ता जीवात्मादेखि भिन्न सर्वज्ञ सर्वशक्तिमान् ईश्वर हुनुहुन्छ, वेदान्तीहरू भन्नुहुन्छ कि ब्रह्म हो भोक्ताको (जीवात्माको) आत्मस्वरूप (वास्तवस्वरूप)। जस्तो महाकाश हो घटाकाशको यथार्थ स्वरूप।

यो सारा मतवादको भित्र विचार नगरीकन कुनै एउटा मतलाई ग्रहण गरे मोक्ष प्राप्त हुँदैन। संसाररूप अनर्थ भोग्नै पर्छ। यसकारण वेदान्त वाक्यहरूको विचार प्रस्तुत भएको छ।

(चतुर्थ वर्णकको र जिज्ञासा अधिकरणको समाप्ति)

चतुर्थ वर्णकको प्रतिपाद्य विषय

प्रथम वर्णकमा अध्यास सिद्धिद्वारा यो प्रतिपादित भएको छ कि जीवको जो संसार बन्धन हो त्यो अविद्याद्वारा आरोपित भएको हो। जीव र ब्रह्मको एकता ज्ञानबाट त्यस अविद्याको निवृत्ति भए जीवको मोक्षरूप प्रयोजन सिद्ध हुन्छ। यसरी वर्तमान ग्रन्थ प्रतिपाद्य जो मोक्षरूप फल हो र जीव र ब्रह्मको ऐक्य रूप विषय हो त्यो सिद्ध भए तापनि जोसित जीवको ऐक्य प्रतिपादन गरिएको हो त्यो ब्रह्म ज्ञात हो किम्वा अज्ञात हो, यसप्रकार संशय हुन्छ। त्यसको फलले जीव र ब्रह्मको एकत्वरूप जो विषय हो त्यसमा र त्यसको फल जो जीव र ब्रह्मको एकत्त्व ज्ञानलभ्य मोक्ष हो त्यसमा संशय हुन्छ र त्यसको फलले मोक्ष प्रतिपादक यो शास्त्रको आरम्भको बारेमा फेरि संशय हुन्छ। त्यस शंकाको निराकरण यो चतुर्थ वर्णकमा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो चतुर्थ वर्णकको अवयव हो यस प्रकार—

संशय—ब्रह्म हो प्रसिद्ध (ज्ञात) किम्वा अप्रसिद्ध ?

पूर्वपक्ष—ब्रह्म प्रसिद्ध अथवा अप्रसिद्ध होस् यो वेदान्त शास्त्रको आरम्भ हुन सक्तैन। किनकि ब्रह्म प्रसिद्ध भए जिज्ञास्य हुँदैन । अप्रसिद्ध भए पनि जिज्ञास्य हुन सक्दैन। किनभने जो हो सर्वदा अज्ञात त्यसलाई जान्नको लागि विचार निष्फल हुन्छ । त्यसकारण ब्रह्म विचारको अभावमा ब्रह्म ज्ञान र त्यसको फल मोक्ष केही पनि सिद्ध हुँदैन । त्यसैले यो शास्त्रको आरम्भ संगत होइन ।

सिद्धान्त—ब्रह्म हो प्रसिद्ध वस्तु, किनभने सबै नै "म छु" यसप्रकारले आत्माको अस्तित्वको अनुभव गर्छन् । "म—छैन" अथवा "म छु कि छैन ?" यसप्रकार कोही अनुभव गर्दैन। यो आत्मालाई नै श्रुतिले ब्रह्म भन्नी भनेको छ (माण्डुक्य २।) तर ब्रह्म यसरी सामान्य रूपले (परोक्ष रूपले) ज्ञात भए तापनि त्यसको वास्तव स्वरूपको बारेमा विप्रतिपत्ति हुन्छ । त्यसकारण यो विप्रतिपत्तिको (विरोधको) निराकरणको लागि ब्रह्मविचाररूप यो शास्त्रको आरंभ संगत हो ।

यो चतुर्थवर्णक अनुसार प्रथम सूत्रको अर्थ हो यस प्रकार—ब्रह्म सामान्यरूपले ज्ञात भएको हुनाले त्यसको बारेमा विशेष ज्ञानको आकांक्षा भएकोले साधन चतुष्टय प्राप्तिको अनन्तर—ब्रह्म विचार गर्नु हो कर्तव्य ।

जिज्ञासा अधिकरण समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीयसूत्र–जन्मादि अधिकरण र ब्रह्मको लक्षण निरूपण। अधिकरणको प्रतिपाद्य विषय

अधिकरणसंगति–पूर्व अधिकरणमा मोक्षको साधनभूत ब्रह्मज्ञान लाभको लागि ब्रह्म हो विचारणीय, यो निरूपित भएको छ। तर ब्रह्मको कुनै लक्षण नभएको हुनाले त्यसको स्वरूप नै सिद्ध हुँदैन। त्यसकारण कसको विचार गर्नुपर्छ ? यसप्रकार आक्षेपको समाधानका लागि ब्रह्मको लक्षण निरूपण गर्नको लागि यो अधिकरण शुरू भएको छ।

संशय–"जहाँबाट यी भूतहरूले जन्म ग्रहण गरेका छन्" (तैत्तिरीय ३।१), "ब्रह्म हो सत्यस्वरूप, ज्ञानस्वरूप र अनन्त" (तैत्तिरीय २।१) यी श्रुतिहरूमा ब्रह्मको तटस्थ लक्षण र स्वरूपलक्षण विद्यमान छ वा छैन ?

पूर्वपक्ष "जसबाट यी भूतहरूले जन्म ग्रहण गरेका छन्" यसश्रुतिमा वर्णित जन्म, स्थिति र लय जगत्‌लाई आश्रय गरेको हुनाले (ब्रह्मसित तिनीहरूको सम्पर्क नभएको हुनाले) यो हो ब्रह्मको तटस्थलक्षण। "ब्रह्म हो सत्यरूप, ज्ञान स्वरूप, र अनन्तस्वरूप" यो श्रुतिउक्त सत्यादि अप्रसिद्ध भएको हुनाले (लोक प्रसिद्ध सत्यादि शब्दबाट अखण्ड ब्रह्मवस्तुलाई बुझाउन नसकेको हुनाले) ब्रह्मको स्वरूपलक्षण छैन।

सिद्धान्त– "जन्म आदि जगत् सम्बन्धी भए तापनि" "जो सर्परूपले प्रतीत भइराखेको छ त्यो हो फूलको माला"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो ठाउँमा कल्पित सर्पत्व मालाको धर्म नभए तापनि जस्तो मालाको परिचायक (लक्षण) हुन्छ । त्यस्तै ब्रह्मनिष्ठ कल्पित जगत् कारणत्व ब्रह्मको लक्षण हुन्छ । कल्पित जगत् कारणत्व ब्रह्मको धर्म नभए तापनि ब्रह्मलाई जनाइ दिन्छ । जस्तो "जो हो सर्प त्यो हो रज्जु" यहाँ मिथ्याभूत सर्प सत्य रज्जुको ज्ञापक हुन्छ, त्यस्तै "जो हो जगत्को कारण त्यो हो ब्रह्म" यसप्रकार मिथ्या जगत् कारणता ब्रह्मलाई लखाउन समर्थ हुन्छ । त्यसकारण ब्रह्मको तटस्थ लक्षण सिद्ध हुन्छ । पिता, पुत्र, भ्राता आदि शब्द भिन्नार्थ भए तापनि जस्तो एक देवदत्तमा पर्यवसित भएको हुनाले तिनीहरूको भित्र कुनै विरोध छैन, र जो हो पिता त्यो पुत्र पनि हुन सक्छ । त्यस्तो लोक सिद्ध लौकिक अर्थमा प्रयुक्त सत्य, ज्ञान, अनन्त आदि भिन्नार्थ शब्दहरू अखण्ड ब्रह्ममा पर्यवसित भएको हुनाले (जो देहादि जगत् झैं मिथ्या नभएको हुनाले) सत्य भनी अभिहित हुन्छ त्यो नै हो फेरि परप्रकाश्य दृश्य पदार्थदेखि भिन्न, स्वप्रकाश वस्तु किम्वा ज्ञान । र जो हो ज्ञान त्यो नै हो फेरि दुःखप्रद अनात्म-विषयदेखि भिन्न (आनन्द स्वरूप) यसरी स्वरूप लक्षणको पनि सिद्धि हुन्छ (सत्यादि शब्द अखण्ड ब्रह्मवस्तुलाई लक्षण गर्छ—लक्षणद्वारा अखण्ड ब्रह्म वस्तुलाई बुझाउँछ) यसरी ब्रह्मको दुवै लक्षण उपपन्न हुन्छ ।

पूर्वपक्षमा—लक्षणको अभावले गर्दा ब्रह्मको स्वरूपसिद्ध नभएकोले विचारद्वारा ब्रह्मको स्वरूप निर्णीत हुन सक्दैन त्यसकारण मुक्ति पनि सिद्ध हुँदैन ।

सिद्धान्तमा ब्रह्मको दुवै प्रकारको लक्षण नै संभव हुन्छ, त्यसकारण ब्रह्मविचारद्वारा मुक्ति सिद्ध हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय सूत्रको भाष्य-

ब्रह्म हो विचारणीय, यो पहिला सूत्रमा भनिएको छ। त्यसमा प्रश्न हुन्छ – त्यस ब्रह्मको लक्षण के हो ? यसको उत्तरमा भगवान् सूत्रकार भन्नुहुन्छ –

सूत्रको अर्थ–प्रत्यक्षादिद्वारा उपस्थापित यो विचित्र जगत्को उत्पत्ति, स्थिति र नाश जो सर्वज्ञ र सर्वशक्तिसम्पन्न कारणबाट हुन्छ त्यो नै हो ब्रह्म।

१. सूत्रस्थ जन्मादि शब्दको अर्थ–उत्पपत्ति, स्थिति र प्रलयको विषयमा श्रुति भन्नुहुन्छ "जसबाट यी भूतहरूको उत्पत्ति हुन्छ" यहाँबाट जन्म स्थिति र प्रलयको क्रम देखिन्छ (पहिले जन्म त्यस पछि स्थिति र त्यस पछि प्रलय) वस्तुको स्वभाव पनि यस प्रकार देखिन्छ।

२. सूत्रवाक्यको अर्थ नाम र रूपद्वारा अभिव्यक्त यो जो जगत् हो त्यो हो धेरै प्रकार कर्ता र भोक्तासित संयुक्त र त्यो हो व्यवस्थित देश, काल, निमित्त, क्रिया र फलको आश्रय। त्यसको रचनाको स्वरूप मनबाट चिन्ता गर्न सकिंदैन–त्यसको जन्म, स्थिति र लय जो सर्वज्ञ र सर्वशक्तिमान् कारणबाट हुन्छ उहाँ नै हो ब्रह्म। क्षय, वृद्धि र विपरिणाम आदि (यास्कद्वारा कथित) अरू विकारहरू जन्म आदि तीनको भित्र अन्तर्भूत हुन्छन्। तर भूतहरू मूलकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मबाट नै जगत् उत्पत्ति, त्यसमा नै स्थिति र त्यसमा नै जगत्को प्रलय हुन्छ, यसप्रकार बुझ्नु पर्छ ।

३. ब्रह्मभिन्न अरू कोही जगत्को कारण हैन—ईश्वरलाई जगत्को अभिन्न निमित्तोपादन रूपले ग्रहण नगरीकन जगत्को अरूबाट – अचेतन प्रधान अथवा परमाणुहरू अथवा अभाव संसारी जीव विशेष (हिरण्यगर्भ) बाट उत्पत्ति आदिको संभावना हुन सक्दैन । स्वभाववाट पनि जगत्को उत्पत्ति हुन सक्दैन । ईश्वरवादीहरू (नैयायिकहरू) जगत्को कर्तारूपले (अर्थात् अनुमान प्रमाणको बलले) सर्वज्ञ ईश्वरको अस्तिता, सर्वज्ञता, र सर्वशक्तिमत्ता स्वीकार गर्दछन् । ईश्वरको अस्तिता श्रुतिबाट सिद्ध छ । त्यो तिनीहरू मान्दैनन् । वेदान्तीहरू अतीन्द्रिय विषयमा श्रुतिलाई मात्र एक मात्र प्रमाण भनी मान्नुहुन्छ । अदुष्ट अनुमान प्रमाण श्रुतिको सहायक मात्र हुन्छ ।

४. ब्रह्म हो केवल श्रुतिगम्य, अनुमान आदि प्रमाण हो श्रुतिको सहकारी—यो सूत्रमा ईश्वरको जगत् कारणता प्रतिपादक अनुमान नै सूत्रकारबाट उपन्यस्त भएको छ भन्छौ भन्ने म भन्छु यो (कुरा) ठीक हैन । उपनिषद् वाक्यहरूलाई नै सूत्रहरूद्वारा उदाहरण रूपले ग्रहण गरीकन विचार गरिन्छ । किनकि श्रुति वाक्यको विचारबाट वेदान्तवाक्यहरूको ब्रह्ममा जो तात्पर्य निश्चय हुन्छ, त्यसबाट नै ब्रह्म ज्ञान सम्पादित हुन्छ—अनुमान आदि अरू प्रमाणद्वारा हुँदैन । ब्रह्म नै हो जगत्को कारण—यस प्रकारका अर्थ बोधक धेरै वेदान्त वाक्य छन्, उक्त वाक्यार्थको परिपोषक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविरोधी अनुमान भए त्यसलाई हामीहरू निवारण गर्दैनौं (युक्तिलाई श्रुतिको सहायक भनी अंगीकार गर्छौं)। तर्क, युक्ति किम्वा अनुमान हो श्रुतिको सहायक मात्र–स्वतन्त्र रूपले प्रमाण भनी गम्य हुँदैन। जस्तो "श्रवण गर्नु पर्छ, मनन गर्नु पर्छ" (वृह० २।४।५)। तत्त्वदर्शी गुरुबाट "तिमी हौ नित्य, शुद्ध, बुद्ध, मुक्त, ब्रह्मस्वरूप" यसरी उपदिष्ट भए पछि मुमुक्षु पुरुष त्यस अर्थको असंभावना आदिलाई युक्ति अनुमानबाट विचारपूर्वक निराकरण गर्न समर्थ हुन्छ। तब आफ्नो स्वरूपलाई जान्न सकिन्छ। यसरी श्रुतिमा पुरुष – बुद्धिको सहायता स्वीकृत भएको छ।

५. धर्म र ब्रह्मविषयक प्रमाणको भेद-धर्म प्रत्यक्ष-योग्य हैन। त्यसकारण धर्म विषयमा शास्त्र वाक्यदेखि भिन्न अरू कुनै प्रमाणको प्रामाण्य छैन। ब्रह्म हो अनुभवयोग्य। त्यसकारण ब्रह्म विषयमा श्रुति, मनन-रूप युक्ति, निदिध्यासन, अनुभव सारा नै प्रमाणरूपले ग्राह्य हो। ब्रह्मज्ञान "म हुँ ब्रह्म" यसआकारको अन्तःकरण वृत्ति ब्रह्मस्वरूपको आविर्भावमा नै—अखण्डाकार वृत्तिमा ब्रह्म स्वरूपको अभिव्यक्तिमा नै पर्यवसित हुन्छ, र ब्रह्मरूप सिद्ध वस्तुलाई नै विषय गर्दछ। तात्पर्य यो हो कि श्रुति, लिङ्ग, युक्ति, निदिध्यासन प्रमाणहरू ब्रह्मसाक्षात्काररूप अन्तः-करणको अखण्डाकारलाई उत्पादन गर्दछन र त्यो अख-ण्डाकार वृत्ति साक्षात्‌रूपले अविद्यालाई नाश गरेर ब्रह्मस्वरूपको आविर्भावरूप फललाई अभिव्यक्त गर्दछ।

जो हो कर्तव्य-क्रिया निष्पाद्य, त्यसमा अनुभवको अपेक्षा हुँदैन। त्यसकारण क्रिया निष्पाद्य धर्मादि विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवल श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान र समाख्या वेद शब्दको तात्पर्य अवधारणको लागि प्रमाणरूपले स्वीकृत हुन्छ। अनुभवको प्रामाण्य चाहिँदैन। मनुष्य जो क्रियाद्वारा उत्पन्न गर्छ त्यो हो सम्पूर्णरूपले कर्ताको अधीन— कर्ताले इच्छा गरे त्यो गर्न सक्छ किम्वा नगर्न पनि सक्छ। अथवा अरू प्रकारले पनि गर्न सक्छ, तर जो स्वतःसिद्ध वस्तु हो त्यो पुरुष प्रवृत्तिको अधीन हुँदैन। बुद्धिको अपराधले गर्दा संशय किम्वा विकल्प खडा हुन्छ तर वस्तु जस्तो हुन्छ त्यस्तै रहन्छ। वस्तुको बारेमा यथार्थ ज्ञान कहिले पनि पुरुष बुद्धिको अधीनमा हुँदैन। त्यो हो त्यस वस्तुको नै अधीन। तत्त्वज्ञान (यथार्थ ज्ञान) जस्तो वस्तुतन्त्र (वस्तुको अधीन) हुन्छ, सिद्ध वस्तुको बारेमा प्रमाणको प्रामाण्य पनि सिद्ध वस्तुकै अधीन हुन्छ। ब्रह्मज्ञान ब्रह्मवस्तुको नै अधीन हुन्छ प्रमाणको अधीन हुँदैन। किनकि ब्रह्मज्ञानको विषय जो ब्रह्म हो त्यो हो सर्वदा सिद्ध। ब्रह्म सिद्ध वस्तु भए तापनि वेदान्तवाक्यरूप प्रमाणद्वारा अखण्डाकार वृत्तिमा स्पष्टरूपले भासमान हुन्छ (ब्रह्म अरू कुनै प्रमाणको विषय हुँदैन)।

अविशेष रूपले वेद प्रतिपाद्य भए तापनि कर्म (अर्थात् धर्म) सित ब्रह्मको सादृश्य छैन। श्रुति, लिङ्ग आदि धर्म विषयमा प्रमाण भए तापनि ब्रह्म विषयमा केवल तिनीहरू मात्र प्रमाण हैनन्, किन्तु अनुकूल अनुमान आदि पनि प्रमाण हो। त्यसकारण ब्रह्मज्ञानको लागि मननरूप अनुमान र निदिध्यासन आदिको पनि अपेक्षा हुन्छ। अर्थात् जो नभए ब्रह्म साक्षात्कार सिद्ध हुँदैन। श्रुतिको सहकारी रूपले ती सारा प्रमाणको पनि अपेक्षा हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. अतीन्द्रिय विषयमा केवल श्रुति नै हो प्रमाण–

यदि भन्दछौ–ब्रह्म यदि सिद्ध नै वस्तु हो तब अरू–प्रमाणको पनि (प्रत्यक्ष, अनुमानको पनि) विषय हुन्छ, त्यसकारण वेदान्त वाक्यमा विचारको कुनै प्रयोजन रहँदैन–तब यसको जवाफमा भनिन्छ—यो ठीक होइन। ब्रह्म सिद्ध वस्तु भए तापनि यो वेदान्त वाक्य बाहेक अरू कुनै प्रमाणको विषय हुन सक्तैन। किनकि ब्रह्म इन्द्रियको अविषय भएको हुनाले जगत्‌सित त्यसको कार्य–कारण सम्बन्ध ज्ञात हुँदैन। घटको साथ इन्द्रियको संबन्ध हुन्छ, त्यसको कारणीभूत माटाको साथ पनि सम्बन्ध हुन्छ–घट देखे पछि त्यसको कारण मृत्तिका पनि अनुभवगम्य हुन्छ। ब्रह्म इन्द्रियको विषय भए यो दृष्ट जगत् (कार्य) हो ब्रह्मको साथ सम्बद्ध (ब्रह्मबाट सृष्ट)–यसप्रकार ज्ञान हुने थियो। तर त्यस्तो हुँदैन। कार्यवस्तु (जगत्) दृष्ट भए तापनि त्यो हो ब्रह्मसित संबद्ध किम्वा अरू कुनै कारण विशिष्ट—यस्तो निर्णित हुँदैन, त्यसकारण अनुमानद्वारा ब्रह्म हो जगत्‌को कारण–यो जान्न सकिँदैन। "जगत्‌रूपी कार्यको कर्ता कोही अवश्य नै हुन्छ, त्यो कर्ता हो ब्रह्म—परमाणु, काल किम्वा स्वभाव आदि होइन" यसरी जगत्‌को कर्ता भनी ब्रह्मको अनुमान गर्नु संभव छैन। जगत्‌को कर्ता ब्रह्म नै हुन्छ–परमाणु, काल, किंवा शून्य हुँदैन, यसको कुनै निश्चयता छैन। त्यसकारण ब्रह्म अनुमानगम्य हैन किन्तु श्रुति मात्र गम्य हो। त्यसैले बुझ्नु पर्छ कि अनुमान आदि प्रमाणहरू हुन श्रुतिमा कहिएका अर्थका सहायक मात्र। ब्रह्म–ज्ञान लाभको लागि केवल श्रुतिवाक्य हो विचारयोग्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. ब्रह्मको लक्षण ज्ञापक (वर्तमान सूत्रको लक्ष्यभूत) वेदान्तवाक्य के हो–जो यो सूत्रको विचार्य विषयरूपले कथित भएको छ ।

'वरुणपुत्र भृगु आफ्नो पिताको समीपमा जानुभयो र भन्नुभयो – भगवान् मलाई ब्रह्मको उपदेश गर्नुहोस् । (तैत्तिरीय ३।५)

यो सुनीकन वरूणलाई भृगुले भन्नुभयो – "जसबाट यो सारा (उत्पत्तिशील वस्तु) जन्मेको छ, जन्मीकन जसद्वारा जीवित भइराखेको छ, फेरि प्रलयकालमा जसमा लय प्राप्त हुन्छ, तिमी त्यसलाई नै जान्ने इच्छा गर – त्यो नै हो ब्रह्म ।" (तैत्तिरीय ३।६) यसप्रकार प्रश्न र प्रतिवचनको पछि जो सिद्धान्त भएको थियो त्यो त्यसप्रकारको हो – "यो सारा भूत आनन्दबाट जन्मेको छ, आनन्दबाट नै जीवित भइरहेको छ र अन्तकालमा यिनीहरू आनन्दमा नै लीन भइहाल्छन् ।" (तैत्तिरीय ३।६) यो वेदान्तवाक्य नै हो यस सूत्रको विषय र (यसैको मीमांसाको लागि यो जन्मादि सूत्रको प्रवृत्ति भएको छ) । यसरी नित्य, शुद्ध–बुद्ध, मुक्त स्वभाव र सर्वज्ञस्वरूप जो जगत्कारण हो तद् विषयक (मुण्डक १।१।१०, वृहदारण्यक ३।९।२८ आदि) अरू वाक्यहरूलाई उदाहरणरूपले ग्रहण गर्नुपर्छ ।

(जन्मादि अधिकरण समाप्त)

तृतीय सूत्र

(प्रथम वर्णक)

१. अधिकरणको प्रतिपाद्य विषय–वेदको कर्ता जो ब्रह्म हो उहाँ हुनुहुन्छ सर्वज्ञ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. अधिकरण संगति – ब्रह्म जगत्‌को कारण भएकोले सर्वज्ञ हुनुहुन्छ—को अर्थतः नै प्राप्त हुन्छ। तर यसो भन्नु युक्तिसंगत छैन किनभने जगत्‌को अन्तपाती जो वेद हो नित्य भएको हुनाले ब्रह्म त्यसको कर्ता हुन सक्तैन। त्यसकारण वेदको कर्तृत्व सिद्ध नभएको हुनाले ब्रह्मको जगत्‌कारणता र सर्वज्ञता सिद्ध हुन सक्तैन। यसप्रकारको आक्षेपको समाधान गर्नको लागि यस अधिकरणको आरंभ भएको हो।

३. संशय – "यी जो ऋग्‌वेद आदि हुन् ती यो महत् भूतको (ब्रह्मको) निश्वासरूप हुन्" (बृह० २।४।१०) श्रुतिमा निश्वासको झैं कुनै प्रयत्नबिना ब्रह्मको वेद कर्तृत्व कहिएको छ। यहाँ यो श्रुति नै हो वर्तमान अधिकरणको विषयवाक्य। यसमा सन्देह गरिन्छ-ब्रह्म वेदको कर्ता हो वा होइन ?

पूर्वपक्ष—श्रुतिमा वेदको नित्यत्व वर्णित भएकोले ब्रह्म वेदको कर्ता हुन सक्तैन। त्यसकारण ब्रह्म सर्वज्ञ पनि होइन।

सिद्धान्त – ब्रह्म हो वेदको कर्ता—यो नै हो संगत। किनभने (बृह० २।४।१०) श्रुतिमा वेद निश्वास झैं ब्रह्मबाट उत्पन्न भएको हो-यसो भनिएको हो। उत्पद्यमान वेदको नित्यता कसरी संभव होला ? भनिन्छ भने यसको उत्तरमा बताइन्छ – अनादि सृष्टि प्रवाहमा पूर्व पूर्व कल्पको वेदको सादृश्यवशात् त्यसको नित्यता सिद्ध हुन्छ। त्यसकारण सर्वावभासक (समग्र जगत् व्यवस्थाको प्रकाशक) वेदको कर्ता हुनाले ब्रह्म सर्वज्ञ हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. तृतीय सूत्रको भाष्य

(प्रथम वर्णक)

तृतीय सूत्रको उद्देश्य–जगत् कारणत्व प्रदर्शनबाट ब्रह्म हो सर्वज्ञ–यस्तो कहिएको छ। त्यसलाई दृढ गर्नको लागि यो सूत्रको रचना गरिएको हो।

सूत्रको अर्थ–"यो जो ऋग्वेद आदि हो त्यो महत् भूतको (ब्रह्मको) निश्वासरूप हो" (बृह० २।४।१०) यो श्रुति वाक्य हो यहाँ विषय। त्यसमा संशय र पूर्वपक्षको उत्थानको पछि यो सिद्धान्त निश्चित गरिएको छ–वेद कर्तृत्व–रूप हेतुवशात् ब्रह्म हो सर्वज्ञ।

ऋग्वेदादि शास्त्रको कारण भएको हुनाले ब्रह्म हो सर्वज्ञ।

सर्वविध ज्ञानको आकार (भण्डार) ऋग्वेदादि शास्त्र जुन ब्रह्मबाट बिना प्रयत्न अभिव्यक्त भएको छ त्यस ब्रह्मको निरतिशय सर्वज्ञता र सर्वशक्तिमत्ताको बारेमा भन्नुको प्रयोजन हुँदैन। ऋग्वेदादिरूप सर्वज्ञता विशिष्ट शास्त्रको उत्पत्ति सर्वज्ञदेखि भिन्न अरू पुरुषबाट संभव छैन।

(प्रथम वर्णक समाप्त)

शास्त्रयोनित्व अधिकरण–द्वितीय वर्णक

१. अधिकरणको प्रतिपादक विषय–ब्रह्म हो केवल बेदवोध्य।
२. अधिकरण संगति–लक्षण र प्रमाणद्वारा वस्तुको स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्णित हुन्छ। पूर्व अधिकरणमा ब्रह्मको लक्षण निरुपणद्वारा ब्रह्मको स्वरूप निर्णित भएको छ। अहिले ब्रह्म विषयक प्रमाणद्वारा ब्रह्मको स्वरूप निर्णित हुनेछ। पूर्व अधिकरणको जो फल (ब्रह्मको स्वरूप निर्णय। हो वर्तमान अधिकरणको फ़ल पनि त्यही नै हो।

३. संशय—"त्यो उपनिषद् प्रतिपाद्य पुरुषको बारेमा जान्ने इच्छा गर्दछु।" (बृह० ३।६।२६) यो श्रुतिमा परब्रह्म पुरुष हुनुहुन्छ उपनिषद्गम्य—यो प्रतीत हुन्छ। यो श्रुति वाक्य हो यहाँको विषय वाक्य। यसमा सन्देह गरिन्छ—यो ब्रह्म अरू प्रमाणको पनि विषय हुन्छ किम्वा एक मात्र वेदको विषय हो ?

पूर्वपक्ष—सिद्धवस्तु भएको हुनाले ब्रह्म (घटको झैं) अरू प्रमाणद्वारा पनि ज्ञात हुन्छ।

सिद्धान्त—ब्रह्ममा कुनै प्रकाररूप, रस आदि छैन, त्यो इन्द्रिय ग्राह्य होइन र सादृश्यादि रहित भएको हुनाले त्यो अनुमान किम्वा उपमान आदि प्रमाणको विषय होइन। "जो वेदको वेत्ता होइन ऊ यो महान् (तत्त्व)-लाई मनन गर्न सक्दैन।" (तैत्तिरीय ब्राह्मण ३।१२।६) आदि श्रुतिमा ब्रह्मलाई वेदबाट मात्र नै जानिन्छ—यस्तो कहिएको छ। त्यसकारण ब्रह्म हो केवल वेदबाट वेद्य।

पूर्वपक्षमा अनुमान आदि प्रमाणबाट नै ब्रह्म हो विचार्य, सिद्धान्त पक्षमा वेदान्तवाक्यरूप प्रमाणबाट नै ब्रह्म हो विचार्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. सूत्रको अर्थ "त्यो उपनिषद् (बृह० ३।६।२६) प्रतिपाद्य" आदि श्रुति वाक्य हो यहाँको विषय। त्यसमा पूर्वपक्ष देखाईकन सिद्धान्त निश्चित गरिन्छ—एक मात्र वेदरूप प्रमाणबाट नै ब्रह्म जानिएको हुनाले ब्रह्म हो केवल वेदगम्य ।

५. तृतीय सूत्रको भाष्य

(द्वितीय खण्ड)

ब्रह्मको यथार्थ स्वरूप अवगतिको लागि ऋग्वेद आदि शास्त्र हुन् प्रमाण। शास्त्ररूप प्रमाणबाट नै जगत्को कारण ब्रह्म प्राप्त हुन्छ ।

यदि सो धन्छ-यो सूत्रको के प्रयोजन छ ? किनकि पूर्वसूत्रमा नै ब्रह्मको शास्त्र प्रमाणगम्यता प्रदर्शित भइसकेको छ । यसको उत्तरमा भनिन्छ—पूर्वसूत्रको अक्षरबाट स्पष्ट-रूपले शास्त्रको ग्रहण नभएको हुनाले यसप्रकार शंका हुन सक्छ—जन्मादि सूत्रमा केवल अनुमान प्रणाली नै प्रदर्शित भएको छ ब्रह्मको शास्त्रगम्यता देखाइएको छैन । यो शंका निवारणको लागि र युक्तियुक्त अर्थको स्पष्टीकरणको लागि फेरि यो सूत्र अवतरित भएको छ ।

(द्वितीय वर्णक समाप्त)

चतुर्थ सूत्र—समन्वय अधिकरण

(प्रथम वर्णक)

१. अधिकरण प्रतिपाद्य विषय

वेदान्त—कर्मको अग जुन देवता आदि हुन् तिनीहरूको बोधक हैन, किन्तु वेदान्त हो ज्ञेय ब्रह्मबोधक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२ अधिकरण संगति – पूर्व अधिकरणको द्वितीय वर्णकमा ब्रह्मको केवल शास्त्रगम्यता प्रतिपादित भएको छ । तर त्यो संगत छैन, किनकि ऋग्वेदादि शास्त्रमा कर्म नै प्रतिपादित भएको छ । यसप्रकारको आक्षेपको समाधानको लागि यो अधिकरण शुरू गरिएको हो ।

३. संशय – उपनिषद् वाक्यहरूले कर्ता, देवता आदि प्रतिपादन गर्दछन् अथवा ब्रह्मलाई प्रतिपादन गरेका छन् ?

पूर्वपक्ष–उपनिषद्को जीव प्रकाशक वाक्यहरूले कर्ताको बोध उत्पन्न गर्छन; ब्रह्म प्रकाशक वाक्यहरूले देवताको बोध उत्पन्न गर्छन् र सृष्टि प्रकाशक वाक्यहरूले साधनलाई प्रतिपादन गरेका छन् । यसरी कर्मानुष्ठानको उपयोगी कर्ता र देवता आदिको प्रतिपादक भएको हुनाले वेदान्त वाक्य-हरूले कर्ता आदिलाई नै प्रतिपादन गरेका छन् ।

सिद्धान्त – कर्मकाण्डदेखि भिन्न प्रकरणमा पठित भएको हुनाले उपनिषद् वाक्यहरू कर्ता आदिको प्रतिपादक र कर्मका अंग हुन सक्तैनन् । उपक्रम, उपसंहार आदि तात्पर्य निर्णायिक छ प्रकारका लिंगद्वारा यो नै प्रतिपादन हुन्छ कि वेदान्त वाक्यहरू हुन् ब्रह्मका बोधक यस्तो भन्नु बन्दैन–अनुष्ठान बाहेक उपनिषद्हरूको अरू कुनै प्रकार प्रयोजन छैन, किनकि 'यो सर्प हैन' यसप्रकारका ठाउँमा झैं ज्ञानद्वारा अनर्थको निवृत्ति संभव भएको हुनाले र संसार बन्धकरूप अनर्थको निवृत्ति प्रयोजन भएको हुनाले वेदान्तमा कर्मानुष्ठानबाट के प्रयोजन सिद्ध होला ? कुनै प्रयोजन नै सिद्ध हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वपक्षमा वेदान्तमा मुमुक्षुको प्रयोजन सिद्ध हुँदैन, सिद्धान्तमा मुमुक्षुको प्रवृत्ति सिद्ध हुन्छ ।

टिप्पणी–

१. उपक्रम र उपसंहार २. अभ्यास ३. अपूर्णता ४. फल ५. अर्थवाद् ६. उपपत्ति । यिनीहरू हुन् तात्पर्यको निर्णायक लिंगहरू ।

उपक्रम र उपसंहार (आरंभ र शेष)– परमार्थ सत्य, एक, अद्वितीय ब्रह्म (छान्दोग्य० ६।२।१) यसरी जसको वर्णन आरम्भ गरिएको हो र "त्यो ब्रह्मरूप नै हो यो सारा दृश्यमान प्रपंच" (छान्दोग्य ६।१६।३) यसरी त्यसैको नै वर्णनद्वारा प्रकरण खत्तम गरिएको हो ।

अभ्यास (एकै विषयको पुनः पुनः कथन)–छान्दोग्यमा माथि देखाइएको ठाममा नै प्रतिपाद्य विषय जीव र ब्रह्मको एकत्व–"तिमी हौ त्यो ब्रह्मस्वरूप नै" (छान्दोग्य ६।८।७–६।१६।३) यस वाक्यद्वारा नौ पल्ट कथित भएको छ ।

अपूर्वता (अरू प्रमाणद्वारा अगम्यता) छान्दोग्यमा माथि देखाइएको प्रकरणको प्रतिपाद्य जो अद्वितीय ब्रह्मवस्तु हो त्यसलाई श्रुतिभिन्न अरू प्रमाणबाट जान्नु संभव छैन ।

फल (ग्रन्थ प्रतिपाद्य विषयको प्रयोजन –त्यो छान्दोग्य श्रुतिमा पूर्वप्रदर्शित प्रकरणमा (छान्दोग्य० ६।१४।२) "ब्रह्मलाई जानेपछि सारा कुरा जानिन्छ" र विदेहमुक्ति शरीर पातको पछि भइहाल्छ ।" यसरी मुक्तिरूप फलको कुरा कहिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थवाद (प्रतिपाद्य विषयको स्तुति)–छान्दोग्यको षष्ठ प्रकारणमा नै ६।१।३ पिता–पुत्रको वार्तालाप र सृष्टि, स्थिति र प्रलयको वर्णना छ।

उपपत्ति (प्रतिपाद्य विषयमा युक्ति प्रदर्शन) – छान्दोग्यको षष्ठ प्रकरणमा "जस्तो घैंटो माटाको डल्लाबाट" (६।१।४) यसरी ब्रह्मज्ञानद्वारा सर्वविज्ञान संभव हुने यो युक्ति प्रदर्शित भएको छ ।

यसरी छान्दोग्यको षष्ठ प्रकरणमा छवटा तात्पर्यबोधक लिंगको सहाराबाट यो बुझिन्छ उक्त प्रकरणमा कर्म किम्वा कर्मको अंग केही पनि प्रतिपादित भएको छैन। केवल ब्रह्मको स्वरूप र जीव र ब्रह्मको एकता (अर्थात् ब्रह्मको सर्वात्मक स्वरूपता नै) प्रतिपादित भएको छ र त्यसकारण उपनिषद् वाक्यहरूको ब्रह्म बोधनमा नै तात्पर्य हो यो स्पष्ट रूपले अवगत हुन्छ ।

४. चतुर्थ सूत्रको भाष्य

(प्रथम वर्णक)

१) पूर्वपक्ष ब्रह्मरूप सिद्धवस्तु वेदान्त प्रतिपाध्य होइन ।

शास्त्ररूप प्रमाणबाट नै ब्रह्मलाई जान्नु बन्दछ-यसो भन्नु कसरी संभव होला ? किनकि वेद कर्म–प्रतिपादक भएको हुनाले जो कर्मको प्रतिपादक होइनन् यस्ता वेदका अंशहरू हुन्–प्रयोजनशून्य (जैमिनीसूत्र १।२।१)—यसरी शास्त्रको क्रियाप्रतिपादकता प्रदर्शित भएको छ – त्यसकारण उपनिषद्हरू हुन्–निष्प्रयोजन, किनकि तिनीहरू क्रिया-प्रतिपादन गर्दैनन् । कर्मको कर्ता र देवता आदिको प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै प्रयोजन भएको हुनाले उपनिषद्हरू कर्म बोधक विधिवाक्यको अंग हुन्छन् । अथवा उपासना आदि अरू प्रकार कर्मको विधान गर्नु नै उपनिषद्को प्रयोजन हो भनी भन्नु पर्छ । वेदान्त वाक्यहरूले सिद्ध वस्तु प्रतिपादन गर्न संभव हुँदैन किनकि वस्तु जब उत्पन्न भइहाल्छ त अनुकूल प्रयत्न-रूप क्रियाको संबन्ध रहँदैन र यसप्रकार सिद्ध वस्तु प्रत्यक्ष आदि प्रमाणको पनि विषय हुन सक्छ र त्यसकारण श्रुतिको अज्ञात ज्ञापकता सिद्ध हुँदैन । विधिको साथ एक वाक्यता विना वेदवाक्यको सार्थकता कहीं पनि देखिंदैन र त्यो संगत पनि हुँदैन किनकि यज्ञादि क्रियासित सम्बन्ध शून्य सिद्ध वस्तुको प्रतिपादनमा हुने पुरुषार्थ सिद्ध हुँदैन । यदि भन्छौ—भिन्न प्रकरणमा स्थित कर्मबोधक विधिको अंगरूपले कल्पना नगरीकन ब्रह्ममा नै स्वतन्त्ररूपले विधिको कल्पना गरियोस् । तब भन्छु–त्यो पनि संभव छैन किनकि विधिले क्रियालाई नै विषय गर्दछ (बनाउँछ) । तर नित्य कूटस्थ, निष्क्रिय शुद्ध ब्रह्मरूप सिद्ध वस्तु क्रियाको साधन हुन नसक्केकोले त्यसमा विधि संभव हुँदैन । वेदको कर्म बोधक प्रकरणदेखि जीव र ब्रह्मको एकत्व बोधक प्रकरण भिन्न भएको हुनाले उपनिषद्हरू क्रिया र क्रियाको अंग प्रतिपादन नगरेरै पनि ती उपासना आदि रूप कार्य नै प्रतिपादन गर्दछन् । उपनिषद्हरू भित्र जुन उपासना, श्रवण, मनन र निदिध्यासन क्रियाको वर्णना देखिन्छ, तिनीहरूलाई प्रति-पादन गर्नु नै हो उपनिषद्हरूको तात्पर्य-जीव र ब्रह्मको एकता प्रतिपादनमा तात्पर्य होइन ☼ । त्यसैले ब्रह्मको वेदरूप

☼ यस अधिकरणको द्वितीय वर्णकमा यो मत निराकृत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणगम्यता सिद्ध हुँदैन। जो क्रियाको अंग होइन यस्तो ज्ञेय शुद्ध, सिद्ध ब्रह्मवस्तु वेदान्तमा प्रतिपादित भएको छैन— यस पूर्वपक्षको जवाफमा चतुर्थ सूत्र रचित भएको छ।

चतुर्थ सूत्रको अर्थ

(प्रथम वर्णक)

उपनिषद्हरूले कार्यको अंगभूत कर्ता आदिलाई प्रतिपादन गर्दछन् किंवा नित्य सिद्ध ज्ञेय ब्रह्मलाई प्रतिपादन गरेका छन्? यसप्रकार सन्देह भए "कर्मको अंगभूत कर्ता आदिलाई नै प्रतिपादन गरेका छन्"—यो हो पूर्वपक्ष। यसको बारेमा सिद्धान्त यो हो कि—वेदान्त ग्रन्थहरू कर्मको अंगभूत कर्तादिलाई प्रतिपादन गर्दैनन्। वेदान्त वाक्यादि द्वारा ब्रह्म प्रतिपादित भएको छ, किनकि ब्रह्ममा नै सारा वेदान्त वाक्यको तात्पर्य पर्यवशित भएको छ। त्यसकारण वेदान्त ग्रन्थहरूले नित्य सिद्ध ज्ञेय ब्रह्मलाई मात्र प्रतिपादन गरेका छन्। कर्मको अंगभूत कर्ता आदिलाई प्रतिपादन गरेका छैनन्।

२. सिद्धान्त—वेदान्त वेद्य ब्रह्म नै हो जगत्को कारण। ब्रह्ममा नै छ वेदान्त वाक्यहरूको समन्वय।

वेदान्त वाक्यहरूको तात्पर्य निर्णयद्वारा जानिन्छ कि ब्रह्म हो जगत्को उत्पत्ति, स्थिति र लयको कारण र सर्वज्ञ र सर्वशक्तिमान्। सम्पूर्ण वेदान्तले तात्पर्यद्वारा ब्रह्मको नै प्रतिपादन गरेको छ। जस्तो "यो जगत् उत्पत्तिको पहिले एक र अद्वितीय सत्रूपले नै विद्यमान थियो" (छान्दोग्य. ६।२।१,।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यो जगत् सृष्टिको पहिले एक मात्र आत्मरूपले नै विद्यमान थियो।" (ऐत्तरेय १।१।१) आदि। वेदान्त वाक्यगत पद-हरूको अरू प्रकारले अर्थ, (कर्म प्रतिपादकता) कल्पना गर्नु संगत हुँदैन। "तब को कसद्वारा कसलाई देख्दछ?" (वृह० २।४।१३)-यो श्रुतिले क्रिया, कर्म, कारक र फलको निराकरण गरेको छ। फेरि, ब्रह्म नित्य विद्यमान वस्तु भए तापनि प्रत्यक्षादि प्रमाणको विषय हुँदैन। किनकि "त्यो ब्रह्म हो तिमी नै" (छान्दोग्य० ६।८।७)। यो शास्त्र बिना आफ्नो ब्रह्म भाव अवगत हुन संभव छैन।

३. जीव र ब्रह्मको अभेदज्ञानबाट मोक्ष सिद्ध हुन्छ। ब्रह्मात्म ज्ञान पछि उपासना संभव छैन।

ब्रह्म त्याज्य किम्वा ग्राह्य नभए तापनि तद्विषयमा उपदेश अनर्थक होइन, किनकि ब्रह्म आत्मरूपले अवगत भएमा नै सारा दुःखको आत्यन्तिक नाशरूप पुरुषार्थ सिद्ध हुन्छ। उपनिषद्मा उपासना प्रकरणमा जुन प्राणादि देवता, सगुण ब्रह्म उपासनाको भिन्न भिन्न अंग र फलको प्रतिपादन गरिएको छ त्यससित कुनै विरोध हुँदैन, किनकि यो उपासनाको उद्देश्य हो—चित्त शुद्धि, एकाग्रता, क्रममुक्ति आदिको प्राप्ति। यसो भए तापनि सम्पूर्ण उपनिषद्मा केवल मात्र उपासनाको प्रतिपादन भएको छैन। उपनिषद्हरूले जीव र ब्रह्मको अभिन्नता प्रतिपादन गरेका छन् - यसमा कुनै प्रकार विरोध छैन। त्यसकारण ब्रह्म उपासना विधिको अंग हुन्छ, यस्तो संभव छैन, किनकि जीव र ब्रह्मको एकत्वको ज्ञान भए अद्वितीय ब्रह्म त्याज्य किम्वा ग्राह्य नभएको हुनाले क्रिया र कारक आदि द्वैत ज्ञानको नाश संगत हुन्छ। एकत्वज्ञान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा समूल नाश प्राप्त द्वैत प्रपञ्चको फेरि उत्पत्ति संभव छैन जसबाट ब्रह्म विधिबोधित उपासनाको अंगरूपले प्रतिपादित होस् ।

४. वेद प्रमाणको स्वतः प्रामाण्य पूर्वपक्षी भन्दछन् कि क्रिया किम्वा क्रियाको अंग प्रतिपादन गरेको हुनाले नै वेदको प्रामाण्य सिद्ध हुन्छ । उपनिषद्हरू वेदको अन्तर्गत भएका हुनाले तिनीहरूको प्रामाण्य पनि क्रिया किम्वा क्रियाङ्ग प्रतिपादन गर्नुमा नै सिद्ध हुन्छ । क्रिया प्रतिपादन नगरीकन ब्रह्मरूप सिद्ध वस्तुलाई प्रतिपादन गरे उपनिषद्हरूको प्रामाण्य व्याहत हुन्छ इत्यादि । यसप्रकार संशयको जबाफमा भाष्यकार भन्नुहुन्छ–वेदान्तशास्त्रको प्रामाण्य अनुमानादि अरू प्रमाणको अपेक्षा गर्दैन, –शास्त्र प्रमाण हो स्वतःप्रमाण । फलवान् र अज्ञात विषयको ज्ञापक भएको हुनाले जस्तो विधि वाक्यहरूको प्रामाण्य सिद्ध हुन्छ त्यस्तै वेदान्तवाक्यहरूको प्रामाण्य पनि सिद्ध हुन्छ, किनकि वेदान्तवाक्य (उपनिषद् वाक्यहरू) पनि हुन् मोक्षरूप अज्ञात फलको ज्ञापक । यसरी ब्रह्म हो एक मात्र वेदान्तरूप शास्त्रप्रमाण गम्य– यो सिद्ध भयो ।

(प्रथम वर्णक समाप्त)

द्वितीय वर्णक

अधिकरण प्रतिपाद्य विषय—वेदान्त उपास्य ब्रह्म बोधक हैन, किन्तु ज्ञेय ब्रह्म बोधक हो ।

अधिकरण संगति—पूर्वाधिकरणको द्वितीय वर्णकमा ब्रह्मको वेदान्त वेद्यता सिद्ध भए तापनि विधिको विषय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपले नै ब्रह्म वेदान्त वेद्य हुन्छ, स्वतन्त्ररूपले होइन—यस-प्रकार आक्षेप गरिएको छ । यसको निराकरणको लागि यो अधिकरण आरम्भ गरिन्छ ।

संशय–उपनिषद्हरू उपासनालाई विधान गर्छन् किम्वा ब्रह्मको अपरोक्ष ज्ञान मात्र उत्पादन गर्छन् ?

पूर्वपक्ष – उपनिषद्हरूले ब्रह्म प्रतिपादन गरे तापनि ब्रह्मतत्त्वलाई परोक्षरूपले प्रतिपादन गरीकन पछि त्यसको अपरोक्ष ज्ञानको लागि उपासनाको विधान गर्दछन् । बृहदारण्यक श्रुति ४।५।६ मा परोक्ष शब्दज्ञानरूप श्रवणको विधान गरीकन त्यसपछि अपरोक्षको लागि मनन आदिको विधान गरेको छ । त्यसकारण उपनिषद्हरू हुन् उपासनाको विधायक ।

सिद्धान्त—कर्म र उपासना गरें हुन्छ, नगरे हुन्छ किम्वा अरू प्रकारले गरे पनि हुन्छ (यिनीहरू हुन् कर्ताको अधीन)। किन्तु ब्रह्म वस्तु यसप्रकार पुरुषतन्त्र (कर्ताको अधीन) हैन, त्यसकारण ब्रह्ममा विधिको अवकाश छैन । अनुष्ठेय विषयको उपदेशद्वारा नै शास्त्रत्व सिद्ध हुन्छ–यसप्रकार नियम छैन, किनकि सिद्ध वस्तुको उपदेशद्वारा पनि–"यो सर्प होइन" यसप्रकार उपदेशद्वारा बोधको उत्पत्ति र अनर्थको निवृत्तिपूर्वक शास्त्रत्व सिद्ध हुन्छ । "तिमी हौ शुद्ध चैतन्य"–यो वेदान्त वाक्य नै अपरोक्ष ज्ञानको जनक हुन्छ, किन्तु असंभावना र विपरीत भावनारूप प्रतिबन्धकवशात त्यो ज्ञान उत्पन्न नभए प्रतिबन्धक निवृत्तिको लागि कर्तृप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रतन्त्र व्यापाररूपमा आदिको विधान गरिन्छ । पूर्वपक्षमा ब्रह्मको उपासनाद्वारा मुक्ति हुन्छ, यसप्रकार भनिएको छ । सिद्धान्तमा महावाक्यबाट नै अपरोक्ष ज्ञान (र मुक्ति) हुन्छ - यसप्रकार भनिएको हो ।

चतुर्थ सूत्रको अर्थ

(द्वितीय वर्णक)

उपनिषद्हरू उपास्य ब्रह्मलाई प्रतिपादन गर्छन् अथवा नित्य सिद्ध ज्ञेय ब्रह्मलाई प्रतिपादन गर्छन् ? यस्तो सन्देहको निराकरण गरिन्छ "उपनिषद्हरूले उपास्य ब्रह्मलाई प्रतिपादन गरेका छन्" यो हो पूर्वपक्ष ।

सिद्धान्त — उपनिषद्हरू उपास्य ब्रह्मको प्रतिपादक हैनन्, उपनिषद्हरूले ज्ञेय ब्रह्मलाई नै प्रतिपादन गरेका छन् ।

पूर्वपक्ष—ब्रह्म कसरी उपासनाबोधक विधिको अङ्ग हुन्छ ? उत्तरमा भनिएको छ—प्रवृत्ति र निवृत्ति नै हो शास्त्रको प्रयोजन, त्यसकारण मनुष्यलाई कुनै विषय विशेषमा प्रवृत्त गरेर र कुनै विषय विशेषबाट निवृत्त गरेर शास्त्र सार्थक हुन्छ। उपनिषद्हरूको पनि प्रवृत्ति किम्वा निवृत्ति बोधकरूपले मात्र सार्थकता हुन्छ । त्यसरी अमृतत्त्व (मोक्षको) कामनाकारी पुरुषको लागि ब्रह्मज्ञान (ब्रह्मको उपासना) विहित भएको छ—यो हो युक्तिसंगत । उपासना क्रियाको अङ्गरूप नै ब्रह्म शास्त्रमा प्रतिपादित भएको हो, यो स्पष्टरूपले देखाइन्छ । "हे मैत्रेयी ? आत्मालाई नै दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्छ "(बृहदारण्यक २।४।५)" "जुन आत्मा पाप रहित हुनुहुन्छ उहाँ नै हो अन्वेषणीय उहाँ नै हो विशेषरूपले जिज्ञासाको योग्य" (छान्दोग्य. ८।७।१) "आत्मालाई यसरी नै उपासना गर्नुपर्छ" (मुण्डक० ३।२।६) यस्तो उपासना बोधक विधि भएको हुनाले त्यो आत्मा र ब्रह्मको स्वरूप विषयमा परोक्षज्ञान उत्पादनद्वारा पछि त्यसको उपासनाबाट मोक्षरूप फल प्राप्त हुन्छ ब्रह्मलाई उपासनारूप क्रिया बोधक विधिको अङ्गरूपले स्वीकार नगरे–सिद्धवस्तुको ज्ञानमा कुनै क्रियानुष्ठानमा प्रवृत्ति नभएको हुनाले उपनिषद् वाक्यहरू पनि व्यर्थ भइहाल्छन् । यदि भन्छौ—आत्माको संसारीत्व भ्रम निवृत्तिद्वारा वेदान्त वाक्य सार्थक हुन्छ तब भन्छु–ब्रह्मको स्वरूप श्रवणबाट नै जीवको संसारी भाव निवृत्त हुँदैन । ब्रह्म विषयमा श्रवण गरीकन पनि मनुष्यको सुख दुःखादी निवृत्ति हुनु देखिँदैन । फेरि "श्रवण गर्नुपर्छ, मनन गर्नुपर्छ निदिध्यासन गर्नुपर्छ (बृह० २।४।५)–यसरी श्रवणको परवर्ती कालमा मनन र निदिध्यासनको विधि देखिन्छ । त्यसकारण यो स्वीकार गर्नुपर्दछ कि श्रवण, मनन र निदिध्यासनरूप क्रिया बोधक विधिको अंगरूपले नै ब्रह्म शास्त्रमा प्रतिपादित भएको छ । त्यसो भएको हुनाले यो सिद्ध भयो–मुक्ति ब्रह्मज्ञान साध्य होइन, किन्तु उपासनारूप क्रिया हो, ब्रह्मको स्वरूप मात्रको ज्ञानले कुनै प्रकार प्रयोजन सिद्ध हुँदैन ।

सिद्धान्त–मोक्षशास्त्रबोध धर्मको फल होइन । धर्म र अधर्मको सुख दुःखरूप फल हो प्रत्यक्ष्यसिद्ध, शरीर वाक्य र मनद्वारा उपयुक्त र विषय र इन्द्रियको संभोगबाट उत्पन्न । सुखको तारतम्यवशात् धर्मको तारतम्य अवगत हुन्छ, र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको तारतम्यवशात् अधिकारीको तारतम्य अवगत हुन्छ। यसरी देवयान मार्गद्वारा चन्द्रलोकमा गमन प्रसिद्ध छ। मोक्ष यसप्रकार तारतम्ययुक्त होइन—अधिकारी मुमुक्षु पुरुष पनि एकै किसिमको हुन्छ। "देहाभिमानी मनुष्यको सुख दुःखको कहिल्यै पनि विनाश हुँदैन" (छान्दोग्य० ८।१२।१) किन्तु "जो निश्चितरूपले देहाभिमान रहित हो त्यसलाई सुख र दुःखले स्पर्श गर्दैन" (छान्दोग्य० ८।१२।१)-यसप्रकार श्रुतिमा सुख दुःख स्पर्शको निषेध भएको हुनाले मोक्ष नामक जो शरीराभिमान राहित्य हो त्यो कर्मको फल होइन यसप्रकार अवगत हुन्छ। मोक्ष यदि उपासनारूप धर्मको फल हुन्थ्यो तब मुक्त पुरुषको सुख दुःख प्राप्तिको निषेध युक्तिसंगत हुने थिएन (अर्थात् धर्मको फल जो विषयजन्य सुख हो त्यो मुक्तपुरुषमा अवश्य नै हुने थियो)।

१. मोक्ष हो—जीवको स्वरूप, त्यो हो नित्य, त्यसकारण धर्मको फल होइन।

आत्माको शरीराभिमान राहित्य हो स्वाभाविक "अनित्य शरीरहरूमा अवस्थित शरीर रहित आत्मा" (कठ० १।२।२२।), "आत्मा हो प्राण रहित र मन रहित" (मुण्डक० २।१।२)—इत्यादि श्रुतिहरूबाट आत्माको स्वाभाविक अशरीरता अवगत हुन्छ। त्यसकारण अनुष्ठेय कर्मको फलदेखि भिन्न मोक्ष नामक अशरीरता हो नित्य, यो सिद्ध भयो।

२. मोक्षको स्वरूप वर्णन

शरीराभिमान राहित्यरूप मोक्ष हो पारमार्थिक, कूटस्थ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य, आकाश झैं सर्वव्यापी, सारा विकारवर्जित नित्य तृप्त, निरवयव र स्वयं प्रकाशमान । मोक्षस्वरूपमा सुख दुःखादि फल सहित धर्म र अधर्म भूत भविष्यत् आदि कालत्रय विद्यमान छैन ।"धर्मदेखि भिन्न अधर्मदेखि भिन्न, कार्य र कारणदेखि भिन्न अतीत र भविष्यदेखि भिन्न (कठ० १।२।१४)-यी श्रुतिहरू हुन् यसमा प्रमाण । मोक्ष यदि विहित उपासना आदि कर्मद्वारा साध्य हुन्थ्यो तब त्यो अनित्य हुने थियो । किन्तु मोक्ष हो नित्य । यो सबै मोक्षवादीहरूद्वारा स्वीकृत छ । त्यसकारण उपासनारूप मानस क्रियाको अङ्गरूपले ब्रह्मको उपदेश संगत हुँदैन ।

३. मोक्ष हो तत्त्वज्ञानको फल

"जो ब्रह्मलाई जान्नुहुन्छ उहाँ ब्रह्म नै भइहाल्नुहुन्छ" (मुण्डक० ३।२।६), "हे जनक, तिमीले अभयस्वरूप ब्रह्मलाई प्राप्त गरेका छौ" (बृह० ४।२।४), "तब त्यो एकत्व दर्शनकारीको मोह पनि कहाँ र शोक पनि कहाँ छ ?" (ईश० ७) इत्यादि श्रुतिवाक्यले ब्रह्मविद्याको पछि मोक्ष प्रदर्शन गरेका छन् । ब्रह्मविद्या र मोक्षको बीचमा अरू उपासनादि क्रियाको निषेध गरेको छ । मोक्ष यदि धर्मको फल हुन्थ्यो तब त्यो कालान्तरमा उत्पन्न हुने थियो, किन्तु त्यस्तो होइन । त्यसकारण श्रुतिबाट यो अवगत हुन्छ कि ब्रह्म-उपासनादिरूप क्रियाको अंगरूपले श्रुतिमा उपदिष्ट भएको छैन । "ती निष्पाप नारदलाई भगवान् सनत्कुमारले शोकको कारणभूत अज्ञानको पारी (ब्रह्मस्वरूप) को दर्शन गराउनु भयो" (छान्दोग्य० ७।२६।२) इत्यादि श्रुतिले मोक्षको प्रतिबन्धको निवृत्ति मात्र हो आत्मज्ञानको फल यो प्रदर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन्। यसरी यो सिद्ध भयो कि—तत्वज्ञान नै हो मुक्तिको साक्षात् कारण, धर्म (कर्म किम्वा उपासना) होइन र वेदान्त वाक्य हो बोधक मात्र, विधायक होइन।

४. जीव र ब्रह्मको एकत्व ज्ञान हो वस्तुतन्त्र।

ब्रह्मात्माको एकताको ज्ञान हो प्रमा–ज्ञान जसद्वारा अज्ञान नष्ट हुन्छ। यो पुरुष–व्यापारतन्त्र होइन–पुरुष यसलाई गर्न, नगर्न किम्वा अरू प्रकारले गर्न सक्तैन। प्रत्यक्ष आदि प्रमाणको विषय जो वस्तुको ज्ञान हुन्छ त्यो झैं यो आत्म–ज्ञान हो वस्तुतन्त्र–वस्तुको अधीन (वस्तु मात्ररूपले चित्तको दृढ स्थिति किम्वा अखण्डाकार वृत्तिको उत्पत्ति)।

यो अखण्डाकार वृत्तिको उत्पत्ति हो शास्त्र–प्रमाण-जन्य, शास्त्रले अविद्याकल्पित प्रमाता र प्रमाणको जो व्यापार हो त्यसको निवृत्तिलाई मात्र प्रतिपादन गरेको छ– ब्रह्मलाई घटादिलाई झैं 'यो' भनी प्रतिपादन गर्दैन। प्रमाताको आफ्नो वास्तवस्वरूप ब्रह्म भएको हुनाले शास्त्र केवल अविद्याकल्पित जो ज्ञेय, ज्ञाता र ज्ञानरूप त्रिपुटी भेद छ त्यसको नै निराकरण गरिदिन्छ। शास्त्र–प्रमाणको बलले आत्माबाट देहादि अनात्मभाव निवृत्त भए आत्मा आफ्नो स्वाभाविक शुद्ध, निर्विभाग, निराभास, स्वयंप्रकाश, अखण्ड सुखस्वरूपले अवस्थित भइहाल्छ। यसैलाई नै "आत्मा ज्ञात हुन्छ" यसप्रकार भनिएको छ। शास्त्रले वस्तुलाई "यो हो यसप्रकार" यसरी विधिमुखले प्रतिपादन गर्न सक्तैन (आत्मा हो शाब्दज्ञानको अविषय) तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनात्म शरीरादिदेखि भिन्नरूपले निषेधमुखबाट प्रतिपादन गर्दछ (आत्मा हो शास्त्रप्रमाण–गम्य)।

आत्मा अखण्डाकार वृत्तिको विषय (अखण्डाकार वृत्तिमा स्पष्टरूपले भासमान) हुन्छ, अर्थात् शास्त्ररूप प्रमाणको गम्य (वृत्तिव्याप्य) हुन्छ। आत्मा किम्वा ब्रह्मलाई शाब्दज्ञानको अविषय भन्नुको आशय यो हो कि प्रत्यक् आत्मा फलव्याप्य होइन (वृत्ति प्रतिबिम्बित चिदाभासरूप फलद्वारा प्रकाशित हुँदैन)।

५. मोक्ष हो नित्य शुद्ध ब्रह्मस्वरूप, क्रियाको फल होइन।

यदि भन्छौ कि शास्त्र–प्रमाणबाट अविद्याको निवृत्ति र तज्जन्य ब्रह्मज्ञान उत्पन्न भएको हुनाले ब्रह्मज्ञान आगन्तुक हुन्छ र तज्जन्यमोक्ष नित्य हुन सक्तैन। तब यसको उत्तर यो हो कि शास्त्रोक्त तत्वज्ञानबाट अविद्याकल्पित संसारीभावको निवृत्तिद्वारा नित्य मुक्त आत्मस्वरूपको अभिव्यक्ति हुन्छ। कल्पित संसारको जो ध्वंस हो त्यो अधिष्ठान भूत नित्य आत्मस्वरूप भएको हुनाले मोक्षको अनित्यत्व दोष बन्दैन। मोक्ष यदि उत्पाद्य हुन्थ्यो, तब कार्यको अपेक्षा गर्ने थियो र अनित्य वस्तु हुने थियो। मोक्ष विकार्य भए अनित्य हुने थियो जस्तो घट उत्पाद्य वस्तु भएको हुनाले र दही विकार्य वस्तु भएको हुनाले नित्य हुन सक्तैन, त्यस्तै (उत्पाद्य किम्वा विकार्य भए) मोक्ष नित्य हुने थिएन। मोक्ष प्राप्य वस्तु पनि होइन, किनकि मोक्ष आफ्नो वास्तव–स्वरूप–सबैबाट नित्य प्राप्त भइराखेको छ। मोक्ष संस्कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभएको हुनाले कुनै क्रियालाई अपेक्षा गर्दैन–मोक्ष हो निर्विकार कूटस्थ ब्रह्मस्वरूप, जसमा उत्कृष्टता किम्वा निकृष्टता संभव हुँदैन। मोक्ष नित्य, शुद्ध, ब्रह्मस्वरूप भएको हुनाले अविद्यारूप दोषको अपनयनद्वारा मोक्षको संस्कार संभव हुँदैन।

६. निरवयव आत्मा क्रियाको आश्रय हुन सक्तैन।

मोक्ष आफ्नो वास्तवस्वरूप भए तापनि अविद्या मलद्वारा तिरोहित रहन्छ र उपासनारूप क्रियाद्वारा आत्माको अविद्यामल विनष्ट भए मोक्ष अभिव्यक्त हुन्छ– यसप्रकार भन्नु बन्दैन। यसको कारण यो हो कि आत्मा क्रियाको आश्रय हुन सक्तैन, क्रिया जसलाई आश्रय गर्दछ, त्यसलाई विकारी तुल्याउनु नै हो क्रियाको स्वरूप। आत्मा क्रियाद्वारा विकृत भए आत्मा अनित्य भइहाल्ने थियो, तर आत्मा हो अविकारी (गीता २.२५)। त्यसकारण आत्मामा क्रिया संभव छैन। त्यसैले मलनाशद्वारा मोक्षको अभिव्यक्ति असंभव हो।

७. क्रियाको अनाश्रयभूत ब्रह्मदेखि अभिन्न मोक्ष उपासनाजन्य संस्कारसाध्य होइन।

देहाभिमानी जीवको संस्कार संभव हुन्छ। सारा उपाधिदेखि रहित ब्रह्म संस्कार्य होइन। प्रत्यक् ब्रह्ममा कुनै प्रकार उत्कृष्टता किम्वा निकृष्टता नभएको हुनाले ब्रह्म हो नित्य शुद्ध (श्वेताश्वतर उपनिषद् ६।११, ईश० ८)। ब्रह्मभाव नै हो मोक्ष, त्यसकारण मोक्ष संस्कार्य हुन सक्तैन–मोक्षसित उत्पत्ति, प्राप्ति, संस्कार र विकार आदि कुनै क्रियाको संबन्ध कदापि संभव छैन (अर्थात् आत्मासित कुनै प्रकार क्रियाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संबन्ध संभव छैन)। ब्रह्मस्वरूप मोक्षमा क्रियाको संबन्ध नभए तापनि मोक्षको लागि शास्त्रको प्रवृत्ति व्यर्थ होइन। मोक्षप्रतिपादक वेदान्त शास्त्रले मोक्षको लागि केवल ज्ञानको उपदेश गरेको छ। त्यसकारण शास्त्र व्यर्थ हुँदैन।

८. ज्ञान वस्तुतन्त्र भएको हुनाले ब्रह्माभिन्न मोक्ष क्रियासाध्य होइन र अनित्य पनि होइन।

ध्यान (चिन्तन) हो पुरुषतन्त्र (पुरुष-प्रयत्न-साध्य)। ज्ञान हो प्रमाणजन्य र प्रमाण यथाभूत वस्तुस्वरूपलाई ग्रहण गर्छ (वेदान्त वाक्यद्वारा चित्त अखण्ड चिदाकारमा अवस्थित हुन्छ र त्यो अखण्डाकार चित्तमा प्रत्यक् ब्रह्म स्पष्टरूपले भासमान हुन्छ)। त्यसकारण ज्ञान कुनै वस्तुलाई जान्नुरूप क्रिया होइन। त्यो हो शास्त्र प्रमाणको बलले चित्तको अखण्डाकारमा स्थिति। ब्रह्मरूपमा यसरी चित्ताको स्थिति भए मुमुक्षु पुरुष आफ्नो सनातन वास्तवस्वरूपमा स्थित भईकन – ब्रह्मस्वरूपदेखि अभिन्न भएर—ब्रह्मस्वरूपलाई आफ्नो सनातनस्वरूप भनी स्वतः अनुभव गर्छ। यसकारण ज्ञान हो वस्तुतन्त्र – चित्तको अखण्ड चिद्रूपमा दृढस्थिति (आफ्नो वास्तवस्वरूपको सम्यक् अनुभूति)। यसलाई अखण्डार्थ—विषयक ज्ञान किम्वा निर्विकल्प ज्ञान भनेको छ। यो साक्षात् निज, नित्यस्वरूपको अनुभवमा ज्ञाता, ज्ञान विभाग रहँदैन। केवल निज, नित्य चित सुख-स्वरूप प्रत्यक्रूपले स्फुरित भइरहन्छ।

निर्विकल्प समाधिमा, प्रत्यक् आत्माको साक्षात्कार संभव हुन्छ। अखण्ड चिदाकारमा दृढस्थित (ब्रह्म मात्ररूपले स्थित) मन ब्रह्मस्वरूपदेखि भिन्न अनुभूत हुँदैन—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
केवल अद्वितीय ब्रह्म वस्तु भासमान रहन्छ । पानीमा निक्षिप्त नून जस्तो केवल जलरूपले स्थित हुन्छ – किनकि तब नूनको पृथक् प्रतीति हुन सक्तैन, किन्तु जल मात्र प्रतिभात भइरहन्छ, त्यस्तै चित्त अखण्डाकारमा स्थित भए चित्तको पृथक्रूपले भान हुँदैन, किन्तु अद्वितीय ब्रह्म मात्र स्पष्ट भासमान हुन्छ । यसैलाई नै निर्विकल्प समाधि किम्वा आत्मसाक्षात्कार भनेको छ ।

९ वस्तुतन्त्र प्रत्यक् ब्रह्मज्ञानमा विधिको अवसर छैन ।

स्वाभाविक विषयबाट निवृत्त गर्नु नै हो श्रुतिको प्रयोजन । जहाँ क्रिया, कारक र फल आदि द्वैत विषयको ज्ञान हुन्छ त्यहाँ नै विधिको प्रवृत्ति हुन्छ तर अद्वैत एकरस ब्रह्म कुनै प्रकार क्रियाको फल होइन त्यसकारण त्याज्य र ग्राह्य केही पनि छैन । त्यसैले विधिको अवसर पनि छैन । "आत्मस्वरूपलाई दर्शन गर्नुपर्छ" (बृहदारण्यक २।४।५) यसप्रकार विधि प्रत्ययद्वारा आत्मज्ञान हो परम पुरुषार्थको साधन, त्यो नै देखाइएको छ । यसको फलले जो मानिस वेदान्त–श्रवण त्याग गरीकन इष्ट साधनता बुद्धिले विषयान्तरमा प्रवृत्त हुने थियो मानिस त्यहाँबाट निवृत्त भईकन वेदान्त श्रवणादिमा प्रवृत्त भइहाल्छ ।

१०. उपास्य ब्रह्म वेदान्त प्रतिपादित होइन ।

"जीव र ब्रह्मको एकत्वज्ञान उत्पन्न भए सारा कर्तव्यको नाश र कृतकृत्यता प्राप्त हुन्छ" (बृह० ४।४।१२, गीता १५।२०) । ज्ञान विधिको विषय नभएको हुनाले र ज्ञानद्वारा मोक्षरूप फल सिद्ध भएको हुनाले वेदान्तमा उपासना विधायक विधिको विषयरूपले ब्रह्मको प्रतिपादन गरेको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. प्रत्यक् ब्रह्मको स्वरूप हो केवल उपनिषद्गम्य ।

उपनिषद्–प्रतिपाद्य जो पुरुष (अद्वितीय ब्रह्म) हो त्यो कसैको अंग हुन सक्तैन । असंसारी ब्रह्म हो उत्पाद्य, आप्य, संस्कार्य र विकार्य यो चार प्रकार विकार द्रव्यदेखि भिन्न र अनन्य-शेष । उपनिषद्को भित्र गणित भएको हुनाले ब्रह्म कर्मको अंग हुन सक्तैन । स्थूल र सूक्ष्म सारा दृश्यवस्तुको निषेध-द्वारा श्रुतिले ब्रह्मवस्तुको उपदेश गर्दछ । यो प्रत्यक् ब्रह्मको निराकरण गर्नु संभव छैन । "आत्मा भन्ने कुनै पदार्थ छैन" यसप्रकार जसले आत्माको निराकरण गर्दछ आत्मा हो त्यस निराकरण–कर्ताको वास्तवस्वरूप । त्यसकारण समग्र वेद क्रिया र क्रियाको अंग भूत सिद्ध वस्तु मात्र प्रतिपादन गर्दछ—क्रियासंग संबन्धरहित ब्रह्मरूप सिद्ध वस्तुलाई प्रति-पादन गरेको छैन यसप्रकार भन्नु युक्तिसंगत हैन । वेदले केवल क्रियालाई नै प्रतिपादन गरेको छ, सिद्ध वस्तु वेदको प्रतिपाद्य होइन, यसप्रकार भन्नु हो साहस मात्र ।

१२. आत्मा लोकसिद्ध होइन, कार्यको अंग पनि होइन-आत्मा हो केवल उपनिषद्–वेद्य ।

आत्मा "म" यस ज्ञानको विषय होइन किनकि "साक्षीचेता" (श्वेताश्वतर ६।११) यो श्रुतिमा आत्मालाई अहं प्रत्ययको साक्षीरूपले भनिएको छ । तिमी जसलाई "म" भनी मान्दछौ त्यो आत्मा होइन, किनकि जो अहं-ज्ञानको साक्षी हो त्यसलाई आत्मा भनेको छ । "म" यस ज्ञानको विषय (कर्ता) देखि भिन्न—अहंज्ञानको साक्षी र सबैको आत्मभूत (अधिष्ठान) कहिले पनि कर्मकाण्डमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किम्वा तर्कशास्त्रमा कसैबाट प्राप्त हुन सक्तिन । क्रियाको अगरूपले यो प्रत्यक् ब्रह्मको ग्रहण संभव छैन र सबैको आत्मस्वरूप भएकोले यो प्रत्यक् ब्रह्म त्याज्य होइन, ग्राह्य पनि होइन । यो परमात्मादेखि श्रेष्ठ कुनै वस्तु छैन, यो नै हो समस्त कार्यकारण भावको परिसमाप्ति स्थान (कठ० १।३।११) यो उपनिषद् प्रतिपाद्य पुरुष (बृह० ३।९।२६) हो उपनिषद्हरूमा प्रधानरूपले प्रकाशित । यसरी उपनिषद्-हरूले आत्मवस्तुलाई प्रतिपादन गरेका छन् । यो निश्चित भएको हुनाले–कुनै वेद भागले सिद्ध वस्तुलाई प्रतिपादन गरेको छैन, यसप्रकार भन्नु हो हठकारिता मात्र ।

१३. सिद्धवस्तु प्रतिपादक वेदान्तको प्रामाण्य स्थापन ।

क्रियासित असंवद्धरूपले ब्रह्मरूप सिद्धवस्तु उपदिष्ट भएको छ र अविद्यानिवृत्तिद्वारा त्यो हो सार्थक । अज्ञात ब्रह्मरूप सिद्धवस्तु विज्ञापित भएको हुनाले तत्प्रतिपादक वेद भागको प्रामाण्य अवश्य नै सिद्ध हुन्छ । अनवगत (अज्ञात) जो आत्मवस्तु हो त्यसको उपदेश फलको जनक हुन्छ । किनकि आत्मवस्तुको अवगतिद्वारा संसारको हेतुभूत मिथ्या–अज्ञानको निवृत्तिरूप प्रयोजन सम्पादित हुन्छ । अर्थात् ब्रह्मरूप भूत वस्तुको उपदेश संसारको हेतु भूत अज्ञानको निवृत्ति र मोक्षको अभिव्यक्तिद्वारा सफल हुन्छ । त्यसकारण उपनिषद्हरूको प्रामाण्य हो अवश्य स्वीकार्य ।

१४. निषेध वाक्यको प्रामाण्यको ब्रह्मरूप सिद्ध वस्तुको ज्ञापक वेदान्तको प्रामाण्य हो अव्याहत ।

"ब्राह्मणलाई हत्या गर्नु हुँदैन" यसप्रकार निवृत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदिष्ट हुन्छ। निवृत्ति क्रिया होइन, क्रियाको साधन पनि होइन तापनि कसैले पनि यो उपदेशको आनर्थक्य (व्यर्थता) स्वीकार गर्दैन।

१५. ब्रह्मरूप सिद्धवस्तुको उपदेशको सार्थकता प्रदर्शन जीवन्मुक्त पुरुष हो सुखदुःखातीत।

केवल वस्तु मात्रको उपदेश गर्नु निष्फल हैन, जस्तै "यो हो रज्जु, सर्प हैन" यसप्रकार वस्तु मात्रको उपदेशबाट पनि भएको निवृत्तिरूप प्रयोजन सिद्ध हुन्छ। जुन मानिसलाई असंदिग्धरूपले ब्रह्मात्मतत्व अवगत भएको छ त्यो पुरुष संसारी हुँदैन किनकि वेद-प्रमाण-जनित ब्रह्मात्म—ज्ञान हो मिथ्याज्ञानजनित संसारी भावको विरोधी। जब शरीररादिमा मेरो र म यस्तो ज्ञान रहन्छ तब मनुष्य दुःख भय आदिले युक्त हुन्छ। जब त्यो पुरुषलाई वेदप्रमाणद्वारा ब्रह्मात्म भाव अवगत हुन्छ तब त्यसको अभिमान रहँदैन त्यसकारण तन्मूलक संसारी भाव पनि रहँदैन (छान्दोग्य० ८।१२।१) श्रुतिले पनि यसप्रकार भनेको छ।

प्रत्यक्ष संसाररूप भ्रम निवृत्तिको लागि असंभावना, र विपरीत भावनारूप चित्तको विक्षेप (प्रतिबन्धक) निवृत्ति पूर्वक प्रत्यक् ब्रह्मको साक्षात्कार (अपरोक्षज्ञान) आवश्यक हुन्छ। प्रतिबन्धकको निवृत्ति नभए ज्ञान सफल हुँदैन (अपरोक्ष संसार भ्रमलाई निवृत्त गर्न सक्दैन)।

१६. सशरीरत्व हो अविद्या कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्व ज्ञानद्वारा अविद्या नाश भए जीवन्मुक्ति सिद्ध हुन्छ ।

शरीरमा अहं बुद्धिको नाम हो सशरीरत्व, त्यसकारण अहंभावसम्म नै सशरीरत्व रहन्छ । स्थूल देह नष्ट भए पनि सशरीरता लिंगदेहको आश्रयमा रहन्छ । जबसम्म मुक्ति हुँदैन तबसम्म लिंग शरीरको नाश हुँदैन – अशरीर हुनु पनि बन्दैन । ब्रह्मात्मज्ञान भए मिथ्या ज्ञान–मूलक लिंग शरीर रहँदैन । त्यसकारण तब अशरीर हुनु बन्दछ । त्यसैले तत्वज्ञान बाहेक अरू कुनै उपायद्वारा अशरीरत्व सिद्ध हुँदैन । धर्मा धर्मद्वारा आत्मा सशरीर भएको छ, यस्तो भन्नु ठीक हैन, किनकि आत्मासित शरीरको कुनै प्रकार वास्तव संबन्ध सिद्ध हुँदैन । कुनै प्रमाणबाट नै आत्माको शरीर संबन्ध र धर्मा-धर्मको लागि कर्तृत्व सिद्ध हुँदैन । मनुष्यको अशरीरता नै हो स्वरूप, अशरीरता नै हो नित्य र सशरीरता हो काल्पनिक (अभिमान मूलक) । जीव ब्रह्मज्ञानी नभएसम्म भ्रान्ति कल्पित देहादि संबन्धको प्रभावले याग–यज्ञादि विषयक कर्तृत्वको मिथ्या नै अनुभव गरिरहन्छ । आत्मा हो असंग, त्यसको धर्मा–धर्म र तज्जनित शरीर संबन्ध छैन, यो श्रुतिबाट जान्नमा आउँछ ।

१७. देहात्मज्ञान मिथ्या भएको हुनाले जीवन्मुक्तिसिद्धि ।

भेदज्ञानशून्य पुरुषको अन्यत्र (स्थाणुमा) अरू शब्दको (पुरुष शब्दको) प्रयोग र अन्यत्र (स्थाणुमा) अरू प्रकार "पुरुष" यसप्रकार ज्ञान भ्रान्तिवशात् नै हुन्छ । त्यसप्रकार देहादि समष्टिमा "म" यसप्रकार शब्दप्रयोग र "म" यसप्रकार ज्ञान—जो आत्मा र अनात्माको अविवेकबाट उत्पन्न हुन्छ (त्यो गौण ज्ञान हैन, त्यो हो मिथ्याज्ञान) । त्यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण शरीरमा "म" यसप्रकार अभिमान मिथ्याज्ञान-जन्य भएको हुनाले जीवित दशामा पनि जीवन्मुक्ति ज्ञानी पुरुषको अशरीरता सिद्ध हुन्छ।

जीवन्मुक्त पुरुषको जो लोक व्यवहार हो त्यो बाधितानुवृत्तिवशात् संभव हुन्छ । ब्रह्मज्ञानद्वारा जुन जगत् प्रपञ्च बाधित भएको छ त्यस जगत् प्रपञ्चको प्रतीतिलाई बाधितानुवृत्ति भनेको छ जस्तो डढेको वस्त्र सत्य झैं प्रतीत हुन्छ, त्यस्तो ज्ञानवान् पुरुषको शरीरादिमा म बुद्धिरूप लोक व्यवहार देखिन्छ तापनि जीवन्मुक्त पुरुषको अशरीरत्व नै सिद्ध हुन्छ ।

१८. अशरीरत्व केवल युक्तिद्वारा सिद्ध हैन—श्रुति-द्वारा पनि सिद्ध हो।

"यो जीवन्मुक्त पुरुष अशरीर, अमृत, ज्योतिस्वरूप नै हुन्छ" (बृह० ४।४।७), "चक्षुरहित भए तापनि (बाधितानुवृति-वशात्) चक्षुसहित झैं, मनरहित भए तापनि मनविशिष्ट झैं, प्राणरहित भए तापनि प्राणयुक्त झैं ज्ञानी परिलक्षित हुन्छ" ब्रह्मज्ञानको बारेमा यसप्रकार श्रुतिवाक्य विद्यमान छ। गीता (२।५४) स्थितप्रज्ञका लक्षणहरूको वर्णना गर्नुको प्रसंगमा सब प्रकार प्रवृत्तिसित ज्ञानीपुरुषको सम्बन्ध राहित्य नै प्रदर्शन गरेको छ, जसले ब्रह्मात्मभाव जान्नु भएको छ उहाँको संसारित्व रहन सक्तैन। जसको संसारित्व हुन्छ त्यसको ब्रह्मात्म— भाव अवगत भएको छैन। त्यस-कारण ब्रह्मको स्वरूपकथन हो सफल र निर्दोष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. ब्रह्म विधि–बोधित उपासनारूप क्रियाको अंग होइन।

ब्रह्मज्ञानलाई उद्देश्य गरीकन ब्रह्मविषयक श्रवण र मनन आदि विहित भएको छ। त्यसकारण उद्देश्यभूत ब्रह्मज्ञान हो अंगी र श्रवणादि हो अंग। त्यसकारण उद्देश्य भूत ब्रह्म ज्ञानको विषय रूपले ब्रह्म अंगी कोटीको अन्तर्गत भएको हुनाले ब्रह्म अंग हुन सक्तैन। त्यसैले यो सिद्ध हुन्छ कि श्रवणादिबोधक विधिको अंगरूपले ब्रह्म शास्त्रमा प्रतिपादित भएको छैन, किन्तु ब्रह्मको अवगतिको लागि नै श्रवणादि विहित भएको छ। असंभावना विपरीत भावना आदि प्रतिवन्ध श्रावण मात्रमा नै जसको अपरोक्ष ज्ञानको (साक्षात्कारको) उत्पत्ति हुँदैन केवल त्यसको लागि मननादि विहित भएको छ। त्यसकारण श्रवणको पछि मनन र निदिध्यासनको विधान देखेर नै ब्रह्मलाई क्रियाबोधक विधिको अंगरूपले स्वीकार गर्नु समीचीन हैन। त्यसकारण यो सिद्ध भयो कि–मुक्ति विधेय उपासनारूप क्रियाद्वारा साध्य होइन, किन्तु श्रवणादि जन्य ब्रह्मज्ञानद्वारा साध्य।

देहादि पदार्थहरूमा सत्यताबुद्धि (आत्मबुद्धि) र ब्रह्म हो भिन्न यसप्रकार विपरीत बुद्धिलाई विपरीत भावना भनेको छ। निदिध्यासनद्वारा यो (विपरीत भावना) निराकृत हुन्छ र चित्तको एकाग्रता र सूक्ष्म विषय–ग्रहण–योग्यता सम्पादित हुन्छ। असंभावना हो दुइ प्रकार—

१. प्रमाणगत असंभावना र
२. प्रमेयगत असंभावना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त वाक्य अद्वितीय आत्मवस्तुलाई प्रतिपादन गर्छ अथवा अरू कुनै वस्तुलाई, यसप्रकार संशय प्रमाणगत असंभावना कहिन्छ । श्रवणद्वारा नै यो निराकृत हुन्छ । जीव ब्रह्मदेखि भिन्न हो अथवा अभिन्न हो ? इन्द्रियको अग्राह्य ब्रह्मवस्तु छ किम्वा छैन ? बुद्धिदेखि अतिरिक्त आत्मा भन्ने केही छ ? यसप्रकार ब्रह्म विषयक सन्देहलाई प्रमेयगत असंभावना भनेको छ । यो मननबाट निराकृत हुन्छ ।

२०. ब्रह्मात्मज्ञानको पहिले नै व्यवहार संभव भएको हुनाले ब्रह्म कर्मको अंग होइन ।

ब्रह्मज्ञानको पहिले नै उपासनादिरूप सारा व्यवहार संभव हुन्छ । "अबाधित जो प्रत्यक् ब्रह्म हो त्यो नै हुँ म" यसप्रकार बोध भए पुत्र र देहादिको बाधवशात (तिनीहरूको मिथ्यात्वनिश्चयवशात्) गौण आत्मा (पुत्र, भार्या आदि) र मिथ्या आत्मा (दोहादि) बाधित भएको हुनाले विधि विषेध आदि व्यवहार कहिले पनि संभव हुन सक्तैन । अन्वेषणको योग्य जो आत्मा हो त्यसलाई जान्नुको पहिले आत्माको प्रमाता भाव संगत हुन्छ तर त्यो आत्मा ज्ञात भएपछि प्रमाता नै—पाप, राग, द्वेष र मरण आदि वर्जित परमात्मा भइहाल्छ । "म हुँ देह" यसप्रकार ज्ञात जस्तो भ्रम भए तापनि व्यवहार सिद्धिको-लागि वैदिकहरूद्वारा प्रमाणरूपले कल्पित हुन्छ त्यस्तै प्रत्यक्ष अनुमान आदि लौकिक प्रमाणहरू पनि आत्मज्ञान नहुनुसंम प्रमाणरूपले परिगणित हुन्छन् ।

(चतुर्थ सूत्र – द्वितीय वर्णक समाप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम सूत्रको चार प्रकारको तात्पर्य (चार वर्णक)
द्वितीय सूत्रको एक " " (एक वर्णक)
तृतीय सूत्रको दुई " " (दुई वर्णक) र
चतुर्थ सूत्रको दुई " " (दुई वर्णक)।

यसरी चतुः सूत्रीको भाष्य नौ वर्णकमा विभक्त भएको छ। यी चार सूत्रबाट ब्रह्मको पारमार्थिक सत्ता (सत्यता) सिद्ध भयो। पञ्चम र षष्ट सूत्रमा ब्रह्मको चैतन्य स्वरूपता र आनन्द स्वरूपता सिद्ध भएको छ।

[चतुःसूत्री समाप्त]

ॐ तत्सत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❋ लेखकका प्रकाशित कृतिहरू

1. १. गीतामृत
2. २. [illegible]ैत चिन्तामृत
3. ३. ज्ञानालोक
4. ४. ज्ञानसाधन
5. ५. ईश्वर विज्ञान
6. ६. अमृत वचन
7. ७. स्वरूप प्रकाश
8. ८. आत्मानुसन्धान
9. ९. आत्म प्रकाश
10. १०. सुखको बाटो
11. ११. ज्ञानसर्वस्व
12. १२. महौषधि
13. १३. गीतारहस्य
14. १४. वाशिष्ठामृत
15. १५. मोक्षको असत्यमार्ग
16. १६. हस्तामलक र आत्मनिष्ठा
17. १७. वेदान्त विज्ञान
18. १८. अद्वैत सुधा र आत्म…
19. १९. वेदान्त रहस्य प्रश्नोत्तरी
20. २०. ज्ञान–दीप
21. २१. गीता भूमिका
22. २२. पराशान्ति
23. २३. स्वरूपानुभव
24. २४. वेदको कर्मकाण्ड र ज्ञान…
25. २५. जगत् भ्रम निरसन
26. २६. परमेश्वरको सत्ता
27. २७. जीवन्मुक्ति सिद्धि
28. २८. आत्म मनन
29. २९. लघु वेदान्त त्रय
30. ३०. अद्वैत सर्वस्व
31. ३१. योगसिद्धि
32. ३२. भक्तिशिक्षा
33. ३३. सुषुप्ति र सृष्टि तथा …
34. ३४. भगवान् शंकरको जीवनी
35. ३५. शुभाषित रत्न
36. ३६. नैतिक शिक्षा
37. ३७. ज्ञानवैराग्य शिक्षा
38. ३८. आत्मविचार
39. ३९. ज्ञाननिष्पत्ति
40. ४०. ब्रह्मगीता
41. ४१. भगवान् विश्वनाथका
42. ४२. चतुःसूत्री (प्रस्तुत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu